# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २२८ | काठमाडौं | शनिबार, २९ मंसिर २०८१ | Prabhab National Daily | Saturday, December 14, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# ‘संसद्को महत्त्व साकार पार्न सरकारले सहयोग गर्नुपर्छ’



- सबै पक्षलाई अनुकरणीय र जनताका लागि सर्वप्रिय प्रणाली स्थापित गर्नेतर्फ सबै तह र तप्कालासँग आह्वान
- संसदीय ऐन बनाउने काममा तीव्रता दिन सबैको साथ र सहयोग जुटाउन पहलकदमीको आवश्यकता
- जनताको सर्वोच्च संस्था संसद्को गरिमा जति बढ्न सक्यो, यसको कामकारबाही त्यति प्रभावकारी हुने विश्वास

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सभामुख देवराज घिमिरेले संसद्को महत्त्व साकार पार्न सरकारले सहयोग गर्नुपर्नेमा जोड दिएका छन् । १८औं संघीय संसद् सेवा दिवसका अवसमा शुक्रबार यहाँ आयोजित समारोहमा उनले सो कुरा बताएका हुन् ।

‘अपूरा कानुनलाई पूरा गर्ने, आइरहेका चुनौतीलाई सामना गर्नका लागि सुधारका विभिन्न योजना बढाइएको छ, संसद् सेवालाई प्रविधिमैत्री तुल्याउने प्रयत्न भइरहेको छ,’ सभामुख घिमिरेले भने, ‘संसद् सेवालाई प्रभावकारी बनाउन गर्नुपर्ने विभिन्न क्षेत्रका कामहरूका सूची तयार गरौं, यसलाई प्रभावकारी बनाउन खेल्नुपर्ने भूमिकालाई सिंगो सचिवालय एकताबद्ध हुनुपर्छ ।’

उनले लोकतन्त्रलाई सबै पक्षलाई अनुकरणीय र जनताका लागि सर्वप्रिय प्रणाली स्थापित गर्नेतर्फ सबै तह र तप्कालाई आह्वान गरे । संविधानले परिकल्पना गरेअनुसार संसदीय ऐन बनाउने काममा तीव्रता दिन सबैको साथ र सहयोग जुटाउन पहलकदमीको आवश्यकता रहेकोसमेत उनले बताए ।

‘समयापेक्ष ऐन निर्माण गरेर त्यसलाई कार्यान्वयन गर्न सबैको साथ र सहयोग जुटाएर पहलकदमी लिन जरुरी छ,’ सभामुख घिमिरेले भने । सीमित साधन, स्रोतका बीच पनि संसद् सेवाका कर्मचारीले सम्पादन गरेको कार्यको उनले प्रशंसा गरे ।

संसद्को गरिमालाई उँचो बनाउन गरिएका प्रयत्न र प्रयास अपुग भएको उल्लेख गर्दै सभामुख घिमिरेले जनताको सर्वोच्च संस्था संसद्को गरिमा जति बढ्न सक्यो, यसको कामकारबाही त्यति प्रभावकारी हुने विश्वास व्यक्त गरे । ‘संसद्को कामकारबाही जति प्रभावकारी हुन्छ, सरकारका गतिविधि र जनताले पाउने परिणाममा बढोत्तरी हुन्छ । संसद्लाई प्रभावकारी बनाउने, राज्यलाई निर्देशित गर्ने, कानुन निर्माण र कार्यान्वयनमा अझै धेरै काम गर्नुपर्ने खाँचो छ,’ उनले भने ।

राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले जनता, सरकार र संसद्को सहकार्यलाई प्रभावकारी तथा संसद्लाई राष्ट्रिय हितका मुद्दामा एकताबद्ध बनाउन र जनतामा संसद्प्रति विश्वास कायम राख्न संसद् सेवाका कर्मचारीको भूमिका महत्त्वपूर्ण हुने बताए । एकात्मक शासन व्यवस्था रहेको अवस्थामा स्थापना भएको संसद् सेवा आज संघीय शासन प्रणालीअनुसार सञ्चालन गर्दा थुप्रै चुनौती र अप्ठ्यारा देखिएको उल्लेख गर्दै उनले समयानुकूल संसद् सेवाको पुनःसंरचना गर्न आवश्यक भइसकेको उनले उल्लेख गरे ।

‘यसका लागि विद्यमान कानुनी व्यवस्था, परीक्षा प्रणाली, कर्मचारीलाई दिइने सेवा सुविधा र संरचनामा पनि परिमार्जन गर्नुपर्छ,’ अध्यक्ष दाहालले भने, ‘संसद्लाई अझ सक्षम, प्रभावकारी र बलियो बनाउन संसद् सेवालाई समयानुकूल परिमार्जन गर्न अब ढिलाइ गर्नुहुँदैन ।’

संसद्का हरेक गतिविधिमा जनताको सहज पहुँच र सहभागितालाई कसरी बढाउने भन्नेतर्फ विशेष ध्यान दिइनुपर्नेमा जोड दिँदै अध्यक्ष दाहालले संसद्का गतिविधिमा जनताको प्रत्यक्ष पहुँच सुनिश्चित गर्न अनलाइनबाट जनताको राय संकलन र प्रश्नहरूको जवाफ दिने प्रणाली लागू गर्नु उचित हुने बताए ।

विधेयक निर्माणदेखि त्यसको कार्यान्वयनसम्मको प्रक्रियालाई सहज र द्रुत बनाइ गुणस्तरीय कानुन निर्माणमा धेरै मेहनत गर्न जरुरी रहेको बताउँदै अध्यक्ष दाहालले संसद्को प्रभावकारिताका लागि संसद्भित्र अनुसन्धानात्मक प्रणालीलाई बलियो बनाउन संसदीय अध्ययन अनुसन्धान केन्द्र स्थापना गर्नुपर्ने आवश्यकता औंल्याए ।

क्रमशः पृष्ठ २ मा

# मदन भण्डारी हत्याबारे बोलेको आफ्नै स्वरलाई ओलीले भने ‘डिपफेक’

> एआईको जमाना छ, बनायो होला मेरै आवाजमा कांग्रेस र हाम्रो बीचमा लडाइँ लगाउने र मलाई ‘डिफेम’ लगाउने हिसाबले ।
>
> **केपी शर्मा ओली**
> **प्रधानमन्त्री**

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** शुक्रबार आदिवासी जनजाति महिलाहरूको प्रथम राष्ट्रिय भेलालाई सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले एउटा प्रसंग सुनाउँदै माहोल तताए । कुनै समय उखान, टुक्का र कथा हालेर ओलीले कार्यक्रमको माहोल तताउँथे । पछिल्लो समय त्यो क्रम घटेको थियो ।

तर शुक्रबार दिउँसो उनले मदन भण्डारीको हत्याबारे प्रसंग निकाल्दै वामदेव गौतमको फोनको प्रसंग झिके । एमाले अध्यक्षसमेत रहेका ओलीलाई टक्कर दिने वामदेव अचेल राजनीतिमा ओझेलमा परेका छन् । उनै वामदेवले आफूलाई प्रधानमन्त्री र पार्टीको अध्यक्षबाट राजीनामा दिनुपर्ने भन्दै फोन गरेको ओलीको भनाइ थियो ।

‘बाटोमा आउँदै गर्दा मदन भण्डारी कांग्रेसले मारेको हो । तर म चुप लागें । अब त म पनि बूढा भइसकें भनेर मेरै स्वरमार्फत भनेको भनेर अब केपी ओलीले प्रधानमन्त्रीबाट पनि राजीनामा दिनुपर्छ, अध्यक्षबाट पनि राजीनामा दिनुपर्छ । यत्रो भन्न पाइन्छ ? यस्तो अपराध गर्न पाइन्छ ? भन्दै भन्देऊ तेरो ठूलो बालाई भनेर राजेश बज्राचार्यको फोनमा मलाई राजेश भन्ठानेर भन्नुभयो,’ ओलीले भने । युट्युबमा आफ्नो स्वर चिन्ने तर फोनमा नचिनेकोमा वामदेवप्रति चकितसमेत परे ओली । ‘अचम्म के भयो भने केपी ओलीकै आवाजमा छ यो के हो युट्युबमा भन्नुभयो । मेरो आवाज चिन्नुभयो युट्युबमा । तर मेरो आवाज चिन्नुभएन,’ आफूसँग कुरा गर्दा पनि नचिनेकोमा अचम्म माने ओलीले ।



वामदेवले सुनेको भिडियो एआईले बनाएको हुनसक्ने ओलीको दाबी रह्यो । ‘एआईको जमाना छ, बनायो होला मेरै आवाजमा कांग्रेस र हाम्रो बीचमा लडाइँ लगाउने र मलाई डिफेम लगाउने हिसाबले,’ ओलीले भने ।

### के छ वामदेवले हेरेको भिडियोमा ?

‘मदन भण्डारी मार्न मलाई जिम्मा दिन खोजेका थिए कांग्रेसका नेताले । मैले मानिनँ । त्यतिबेला मैले कुरा गर्दा मलाई थ्रेट पनि आयो । त्यतिबेला कुरा नगर मार्छन् भने ।

क्रमशः पृष्ठ २ मा

## के यो बोली एआईको हो त ?

प्रविधिको विकाससँगै अहिले ‘डिपफेक’को समस्या बढ्दो छ । दुरुस्तै बोली दुरुस्तै भिडियो बनाएर हो जस्तै गरी एआईले भिडियो तयार पर्ने जमानामा ओलीको भनाइ सहीजस्तै लाग्छ । तर के वामदेवले लगाएको आरोप र ओलीको तर्क दुवै सही हो त ?

पक्कै हैन । दुई वर्षअघि चुनावमा जाँदै गर्दा ओलीले पत्रकार ऋषि धमलासँग अन्तर्वार्ता दिएका रहेछन् । उक्त अन्तर्वार्तामा क्रममा धमलाले पार्टी फुटेपछि चुनावमा घाटा लाग्ला नि ? भनेर प्रश्न गरेपछि ओलीले पुरानो घाउ कोटयाउँदै कांग्रेसमाथि आक्रोश पोखेका रहेछन् ।

उक्त भिडियोमा पत्रकार धमलाले सोध्छन्- समय र परिस्थितिलाई मिलाउन सक्नुहुन्न, विरोधीलाई तपाईंले निमिटयान्न पार्न खोज्नुहुन्छ, सिध्याउन खोज्नुहुन्छ भन्ने आरोप छ नि तपाईंलाई ?

त्यसपछि ओली भन्छन्- ४८ सालमा बहुदल आएको थियो । अहिलेको प्रधानमन्त्री त्यतिबेला गृहमन्त्री हुनुहुन्थ्यो । त्यतिबेला १२२ जनाको शान्तिपूर्णरूपमा हत्या भएको थियो । घरभित्र खेलिरहेको बालक अनिश शाक्यको हत्या भएको थियो । एउटा कुरा नेपाली कांग्रेसका नेता उमेश गिरीले मदन भण्डारी मार्न मलाई जिम्मा दिन खोजेका थिए कांग्रेसका नेताले । मैले मानिनँ । त्यतिबेला कुरा गर्दा मलाई थ्रेट पनि आयो । त्यतिबेला कुरा नगर मार्छन् भने । अब त बूढा पनि भयो । अब त डर पनि छैन । अब त यो रहस्य भन्नुपर्छ । मदन भण्डारीको हत्याको पछाडि कांग्रेसका नेताको हात छ भनेर सार्वजनिकरूपमा मैले बोलेको हेरें । मैले शेरबहादुर देउवाजीलाई सोध्न पाएको छैन ।

उहाँ गृहमन्त्री हुँदा के भएको हो ? उहाँले अमर लामालाई मार्नुपर्ने कुनै कारण नै थिएन । उनलाई लखेटीलखेटी अपहरण गरेको देखाएर मारियो । माओवादीले मारेको हो अमर लामालाई । अन्तिम प्रमाण ।

फेरि पत्रकार धमला सोध्छन्- तर तपाईं सरकारमा जाँदा पनि प्रमाण पत्ता लागेन नि मदन भण्डारी हत्या प्रकरणको ?

जवाफमा ओली भन्छन्- कांग्रेस चुप लाग्छ त । बल्ल पो एउटा नेताले भनेका छन् । अब आउला नि ।

यही भिडियोको क्लिप काटेर अहिले सामाजिक सञ्जालमा छाएको रहेछ । वामदेव गौतमले यही विषयलाई लिएर प्रधानमन्त्रीको राजीनामा मागेको देखिन्छ । तर, समाजिक सञ्जालमा छाएको भिडियोमा कांग्रेस नेता उमेश गिरीको नाम भने ‘स्प्लिट’ गरी हटाइएको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# राहदानी वितरण गर्न पोर्चुगलमा घुम्ती शिविर



तस्विरः रासस

■ **प्रभाव संवाददाता**

**लिस्बन (पोर्चुगल)–** नेपाली दूतावास फ्रान्सको टोलीले बिहीबारदेखि पोर्चुगलमा विद्युतीय राहदानी (ई-पासपोर्ट) वितरण सुरु गरेको छ । फ्रान्सका लागि नेपाली राजदूत सुधीर भट्टराईको नेतृत्वमा पोर्चुगल आइपुगेको उक्त टोलीले राजधानी लिस्बनबाट ई-पासपोर्ट वितरण सुरु गरेको हो । टोलीले लिस्बनस्थित ओलाइसमा घुम्ती शिविर सञ्चालन गरेको छ ।

गत अगस्टमा लिस्बनमा सञ्चालित घुम्ती सेवा शिविरबाट राहदानी बनाउन आवेदन दिएका आवेदकहरूको तयार भएको राहदानी वितरण गर्न शिविर सञ्चालन गरिएको दूतावासले जनाएको छ ।

शिविरमा राहदानी लिने नेपालीको भीड लागेको छ । बिहीबार पहिलो दिन १४७ वटा ई-पासपोर्ट वितरण गरिएको टोलीले जनाएको छ । पोर्चुगलमा रहेका नेपालीको सहजताका लागि लिस्बनमै आएर राहदानी वितरण सुरु गरिएको राजदूत भट्टराईले बताए । छ दिनसम्म सञ्चालन हुने घुम्ती शिविरबाट दुई हजार ५५४ वटा ई-पासपोर्ट वितरण गरिने तयारी छ ।

‘हामीले परराष्ट्र मन्त्रालयसँगको समन्वयमा राहदानी वितरणका लागि टोली पठाउने तयारी गरिरहेका थियौं । युरोप भ्रमणमा रहनुभएका परराष्ट्रमन्त्रीले पोर्चुगलमा तत्कालै राहदानी वितरणको व्यवस्था मिलाउन भन्नुभयो,’ उनले भने, ‘मन्त्रीको निर्देशनबमोजिम बिहीबारदेखि लिस्बनमा राहदानी वितरण गर्न सुरु गरेका छौं ।’ टोलीले आज शनिबारसम्म राहदानी वितरणसहित अधिकृत वारेसनामा प्रमाणीकरणको सेवा प्रदान गर्ने उनले जानकारी दिए ।

राहदानी विभाग काठमाडौंबाट राहदानी तयार भएको इमेल प्राप्त गरेका सेवाग्राहीलाई समय तालिकाअनुसार शिविरमा आई राहदानी बुझ्न राजदूत भट्टराईले आग्रहसमेत गरेका छन् । राहदानी विभाग काठमाडौं र फ्रान्सस्थित नेपाली दूतावासको संयुक्त टोलीले गत अगस्टमा राजधानी लिस्बनमा सञ्चालन गरेको ‘घुम्ती सेवा शिविर’ बाट ३ हजार ८२९ नेपालीको ई-पासपोर्टका लागि जैविक तथ्यांक संकलन गरेको थियो । जसमा करिब ९४० वटा राहदानी पेरिसबाटै वितरण भइसकेको दूतावासले जनाएको छ ।

**एनपिएलमा लुम्बिनी लायन्स**

# रोहितको एक्लो प्रयास पाएनन् विदेशी खेलाडीको साथ

■ **सुरज घिमिरे**

**काठमाडौं–** पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) मा लुम्बिनी लायन्सको यात्रा सकिएको छ । राष्ट्रिय टोलीका कप्तान रोहित पौडेलको नेतृत्वको टोलीले राम्रो प्रदर्शन गरे पनि सकारात्मक नतिजा निकाल्नबाट चुक्यो ।


कप्तान रोहितकुमार पौडेलले आफूले सक्दो प्रयास गरे । तर, त्यो टिमको जितका लागि पर्याप्त भएन । कूल सात खेल खेलेका कप्तान पौडेलले प्रतियोगितामा हालसम्म सर्वाधिक २७९ रन बनाउनुका साथै आठ विकेट लिँदै आफूलाई उत्कृष्ट सावित गरे पनि त्यतिले मात्रै टोलीलाई शीर्ष चारमा पुऱ्याउन पर्याप्त भएन । नतिजा सात खेलमा एउटा जितमा मात्रै चित्त बुझाउनुपऱ्यो ।

लिग चरणको आफ्नो अन्तिम खेलमा शुक्रबार लुम्बिनी लायन्स कर्णाली याक्ससँग पाँच रनले पराजित भयो । जितका लागि कर्णाली याक्सले दिएको १२९ रनको सामान्य लक्ष्य पनि लुम्बिनीले पूरा गर्न सकेन ।

### हारको सिलसिला सुरुदेखि अन्तिमसम्मै

लुम्बिनीको हारको सुरुआत पहिलो खेलदेखि नै भयो । लुम्बिनीले आफ्नो पहिलो खेलमा विराटनगरसँग दुई विकेटले पराजित भयो । दोस्रो खेलमा पोखरासँग १० विकेटले हाऱ्यो । तेस्रो खेलमा सुदूरपश्चिमसँग ४५ रनले हार्दा चौथो खेलमा पनि जनकपुरसँग एक रनले पराजित भएको थियो ।

पाँचौं खेलमा चितवन राइनोजलाई ३३ रनले पराजित गर्दै लुम्बिनीले पहिलो जित दर्ता गरेको थियो । तर, छैटौं खेलमा काठमाडौं गुर्खाजसँग १८ रनले पराजित भएपछि एनपिएलको जारी संस्करणबाट बाहिरिने पहिलो टोली बन्न पुग्यो ।



> पौडेल जारी एनपिएलमा सबैभन्दा धेरै रन बनाउने पहिलो नम्बरमा छन् । उनले सात खेलबाट सर्वाधिक २७९ रन बनाउन सफल भएका छन् । रोहित जारी एनपिएलमा ११ छक्का र २६ चौकासमेत प्रहार गरेका छन् ।

### चलेनन विदेशी खेलाडी

लुम्बिनीले अस्ट्रेलियन अलराउन्डर बेन कटिङ, इंग्ल्याण्डका विकेटकिपर तथा ब्याट्सम्यान टम मुर्स, बार्बाडियन फास्ट बलर रामोन सिमन्ड्स, भारतीय युवा क्रिकेटर उन्मुक्त चन्द र क्यानडाका पूर्वकप्तान तथा कीर्तिमानी अलराउण्डर साद बिन जफरलाई भित्र्याएको थियो ।

अनुभवी खेलाडीले राम्रो प्रदर्शन गर्ने आशा लिइएको थियो । तर, केही विदेशी खेलाडीले मध्यम प्रदर्शन गरे पनि केही खेलाडी भने चल्नै सकेनन् ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### मदन भण्डारी...

अब त बूढा पनि भयो । मरेर बाँचेको मान्छे, अबचाहिँ म भन्छु अब त यो रहस्य भन्नुपर्छ । मदन भण्डारीको हत्याको पछाडि कांग्रेसका नेताको हात छ । कांग्रेसको सरकारले मार्न लगाएको हो ।'

हिजोआज एमाले अध्यक्ष केपी शर्मा ओलीकै बोलीसहितको भिडियो क्लिप्स टिकटकदेखि रिलसम्म भाइरल छ । 'के यो कुरा साँचो हो ?,' 'मदन भण्डारीको हत्याबारे ओली' जस्ता शीर्षकमा यो भिडियो सामाजिक सञ्जालमा छाएको छ । ओलीको वक्तव्यअनुसार वामदेवले यही भिडियो हेर्दै प्रधानमन्त्रीबाट राजीनामा मागेको देखिन्छ ।

■■■

### के यो बोली...

गिरी मोरङका कांग्रेस नेता हुन् । गिरिजाप्रसाद कोइराला शक्तिमा हुँदा उनी कोइराला परिवारका विश्वासपात्र भएको बताइन्छ । उनै गिरीले बेलाबेला मदन भण्डारीलाई मार्न कांग्रेसले आफूलाई योजना बनाउन निर्देशन दिनेगरेको अन्तर्वार्ता दिन्छन् । 'एउटामात्र म जीवित मान्छे । जसले मदन भण्डारीको हत्या भएको भन्छ । मदन भण्डारीको हत्यामा विद्या भण्डारी र केपी ओलीलाई जोड्दिए । यसको सबैभन्दा बढी फाइदा माधव नेपाललाई भयो,' एभरेस्ट नेपाल नामक युटचुब च्यानलमा दुई वर्षअघिको अन्तर्वार्तामा गिरीले भनेका छन्, 'म बाहेक गिरिजाप्रसाद कोइरालाले गोप्य कुरा गर्नुहुन्न । रुममा गएपछि चुकुल लगाउ भन्नुभयो । सिगरेट तान्नुभयो । मदन भण्डारी कांग्रेसका लागि खतरा भयो । भएन उमेश, उसलाई सिध्याउनुपर्छ । उहाँको प्रस्ट कुरा ।' चुनावअघि गिरीले बोलेका कुरा प्रोपोगान्डा भएको कांग्रेस नेताहरूको भनाइ थियो ।

■■■

### संसद्को महत्त्व...

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले जनप्रतिनिधिले गर्ने कामलाई संवैधानिक हिसाबले व्यवस्थित गर्ने जिम्मेवारी संसद् सेवाका कर्मचारीको भएको उल्लेख गर्दै निजामती सेवा ऐन संशोधनका क्रममा संसद् सेवाका कर्मचारीको भावनालाई सम्बोधन गरिने बताए । संविधान कार्यान्वयनमा आवश्यक ऐन कानुनलाई अद्यावधिक गर्न सरकार केन्द्रित भएको जानकारी दिँदै मन्त्री चौरसियाले कानुन निर्माणमा संसद् र सचिवालयको कर्मचारीको भूमिका थप बढेर गएको उल्लेख गरे ।

उपसभामुख इन्दिरा रानाले जनप्रतिनिधि र संसद् सचिवालयका कर्मचारीबीच अन्योन्याश्रित सम्बन्ध रहेको चर्चा गर्दै दुई पक्षको एकताबद्ध प्रयासबाट मात्रै उल्लेख्य परिणाम हासिल गर्न सकिने बताइन् । राष्ट्रियसभाकी उपाध्यक्ष विमला घिमिरेले संसद् सेवालाई प्रभावकारी बनाउन जनप्रतिनिधि र कर्मचारी एकताबद्ध हुनुपर्नेमा जोड दिइन् ।

मुख्यसचिव एकनारायण अर्यालले संसद् सेवाका कर्मचारीको मनोबल उच्च राख्न, संसदीय गतिविधिमा बढी जिम्मेवार बनाउन र क्षमता अभिवृद्धिमा सरकार गम्भीर रहेको जनाउँदै निजामती सेवा विधेयकमा संसद्का कर्मचारीको वृत्तिविकासलाई उचित ढंगबाट सम्बोधन गरिने विश्वास दिलाए । उनले कानुन निर्माण, सरकारलाई जनताप्रति उत्तरदायी बनाउँदै असल शासन कायम गर्न र सरकारलाई खबरदारी गर्न संसद्को महत्त्वपूर्ण भूमिका रहेको बताए ।

■■■

### रोहितको एक्लो...

लुम्बिनीको सबैभन्दा आशा गरिएका खेलाडी थिए, भारतीय युवा क्रिकेटर उन्मुक्त चन्द । चन्दको कप्तानीमा भारतले सन् २०१२ को यु-१९ विश्वकपको उपाधि हात पारेको थियो । यु-१९ को फाइनलमा खेलमा चन्दले शतकसमेत प्रहार गरेका थिए । उनी आइपिएल स्टारसमेत हुन् । तर, एनपिएलमा उन्मुक्त चल्नै सकेनन् ।

लुम्बिनीबाट उन्मुक्त चारवटा खेल खेले । पोखराविरुद्धको खेलमा उनी शून्य रनमै आउट भए । सुदूरपश्चिमसँगको खेलमा पनि उनी चल्न सकेनन् । चार रन बनाएर आउट हुन् पुगे । चितवनविरुद्धको खेलमा पनि शून्य रनमै आउट भएका उन्मुक्तले काठमाडौं गुर्खाजविरुद्धको खेलमा भने १४ रन बनाए । एनपिएलका चार खेलमा उन्मुक्तले १८ रनमात्रै बनाए ।

अस्ट्रेलियन अलराउन्डर बेन कटिङले पनि लुम्बिनीलाई खासै राम्रो योगदान दिन सकेनन् । एनपिएलमा लुम्बिनीका तर्फबाट तीन खेल खेलेका कटिङले जम्मा १० रनमात्रै जोडे । ३७ वर्षीय दायाँ हाते ब्याटर र मध्यम तीव्र गतिका बलर कटिङ सहभागी सन्राइजर्स हैदरावादले सन् २०१६ इन्डियन प्रिमियर लिग (आइपिएल) को उपाधि जिते पनि एनपिएलमा उनको प्रदर्शन निराशाजनक नै रह्यो ।

लुम्बिनीको तर्फबाट खेल्ने विदेशी खेलाडीमध्ये इंग्ल्याण्डका विकेटकिपर तथा ब्याट्सम्यान टम मुर्सले भने केही योगदान गरे । लुम्बिनीबाट सातवटै खेल खेलका उनले १६५ रन बनाए । यस्तै, क्यानडाका पूर्वकप्तान तथा कीर्तिमानी अलराउण्डर साद बिन जफरले लुम्बिनीका लागि सातवटै खेल खेले । सातवटा खेलबाट ८३ रन बनाएका उनले नौ विकेट आफ्नो नाममा दर्ता गरे ।

बार्बाडियन फास्ट बलर रामोन सिमन्ड्सको प्रदर्शन पनि मध्यम नै रह्यो । सातवटै खेल खेलेका उनले ब्याटिङतर्फ छ रन बनाउँदा बलिङतर्फ भने नौ विकेट लिन सफल भए ।

#### स्वदेशी खेलाडीको प्रदर्शन

लुम्बिनीका कप्तान तथा मार्की खेलाडी रोहितकुमार पौडेल एनपिएलका लिग चरणका सातवटै खेल खेले । उनले सात खेलबाट २७९ रन बनाउन सफल भए भने आठ विकेट आफ्नो नाममा दर्ता गरे । उनले एनपिएलमा सर्वाधिक ९५ रन बनाए भने दुई अर्धशतकसमेत प्रहार गरे । लुम्बिनीबाट सातवटै खेल खेल्ने अर्का स्वदेशी खेलाडी हुन्, सन्दीप जोरा । उनले सात खेलबाट १२० रन बनाउँदा एक विकेट पनि आफ्नो नाममा दर्ता गराए ।

छ खेल खेलेका अर्जुन साउदले कूल ६८ रन जोडे । विवेक यादवले छ खेलबाट १०० रन बनाए भने तीन विकेट हात पारे । उनले एक अर्धशतकसमेत प्रहार गरेका थिए । टोलीका लागि छवटै खेल खेलेका आशुतोष घिरैयाले कूल ४४ रन जोडे ।

साथै पाँचवटा खेल खेलेका दुर्गेश गुप्ताले कूल पाँच रन बनाउँदा तीन विकेट आफ्नो नाममा दर्ता गराए भने चार खेल खेलेका सूर्य तामाङले कूल १८ रन जोड्दै एक विकेट लिए भने चार खेल नै खेलेका अभिषेक गौतमले एक रन जोड्न नसके पनि छ विकेट लिए ।

लुम्बिनीबाट दिनेश अधिकारी दुई खेल खेले । जसमा उनले १४ रन जोडे । लुम्बिनीबाट तिलक भण्डारी र विकास आग्री एक/एक खेल खेले । जसमा भण्डारीले तीन रन बनाए भने तीन विकेट लिए । यस्तै, आग्रीले तीन विकेट आफ्नो नाममा दर्ता गरे ।

#### रोहितको एक्लो प्रयास

लुम्बिनी लायन्सका लागि कप्तान तथा मार्की खेलाडी रोहितकुमार पौडेलको योगदान भने प्रशंसनीय नै रह्यो । एनपिएलमा आफ्नो पहिलो खेलमा विराटनगर किंग्सविरुद्ध कप्तान पौडेलले २९ बलमा दुई छक्का र चार चौकाको मद्दतले ४६ रन बनाए । विराटनगरविरुद्ध बलिङ भने गरेनन् ।

रोहितले आफ्नो दोस्रो खेलमा पोखरा एभेन्जर्सविरुद्ध ५९ बल खेल्ने क्रममा चार छक्का र १० चौकाको मद्दतले ९५ रन बनाए । तेस्रो खेलमा सुदूरपश्चिम रोयल्सविरुद्ध पाँच रन बनाए भने एक विकेट हात पारे । चौथो खेलमा जनकपुर बोल्ट्सविरुद्ध उनले सर्वाधिक ३५ रन बनाउँदा बलिङतर्फ चार ओभरमा २२ रनमात्रै खर्चिएर दुई विकेट हात पारे ।

आफ्नो पाँचौं खेलमा चितवन राइनोजलाई हराएर पहिलो जित निकाल्दा लुम्बिनीका पौडेल ब्याटिङ र बलिङ दुवैतर्फ नायक बने । उनले चितवन राइनोजविरुद्ध ५७ बलमा पाँच चौका र छ छक्काको मद्दतमा ८० रन जोड्दा बलिङतर्फ चार विकेट चट्काए । छैटौं खेल र सातौं खेलमा भने उनी जम्न सकेनन् । छैटौं खेलमा काठमाडौंविरुद्ध आठ रनमात्रै बनाएका रोहितले बलिङतर्फ एक विकेट पनि झार्न सकेनन् । आठौं खेलमा कर्णालीविरुद्ध १० रनमै आउट भएका रोहित बलिङतर्फ भने एक विकेट लिन सफल बने ।

पौडेल जारी एनपिएलमा सबैभन्दा धेरै रन बनाउने पहिलो नम्बरमा छन् । उनले सात खेलबाट सर्वाधिक २७९ रन बनाउन सफल भएका छन् । रोहित जारी एनपिएलमा ११ छक्का र २६ चौकासमेत प्रहार गरेका छन् । *रासस*


**वार्षिक आय व्याय विवरण प्रकाशित गरिएको सूचना**

यस बहुजन समाज पार्टी नेपालको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक आय व्याय विवरण अडिट भइसकेको र सो अनुसार आर्थिक वर्ष २०८०/०८१ मा रु.१,३७,०००/- (अक्षरूपी एक लाख सैतीस हजार रूपैया) मात्र कारोबार भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

चुनाव चिन्ह

बहुजन समाज पार्टी नेपाल
बागडोल-४, ललितपुर


## नर्सिङलगायतका स्वास्थ्यकर्मीको न्यूनतम पारिश्रमिक व्यवस्था गर्न निर्देशन

**काठमाडौं (प्रस)-** स्वास्थ्य संस्थामा कार्यरत सबै नर्सिङ एवं अन्य स्वास्थ्यकर्मीका लागि न्यूनतम पारिश्रमिकको व्यवस्था कायम गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्देशन दिएको छ । मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाले सबै स्वास्थ्य प्रतिष्ठान, सरकारी अस्पताल ,मेडिकल कलेज, सामुदायिक तथा निजी अस्पताललाई पत्राचार गर्दै न्यूनतम पारिश्रमिकलगायतका सुविधा उपलब्ध गराउन आग्रह गरेको हो ।

मन्त्रालयको परिपत्रमा भनिएको छ, 'मेडिकल कलेज तथा स्वास्थ्य संस्थाबाट नर्सिङ एवं अन्य स्वास्थ्यकर्मीको पारिश्रमिकलगायतको सुविधामा अन्याय भएको भनी गुनासो आएको सो सम्बन्धमा स्वास्थ्य संस्थामा कार्यरत सबै नर्सिङ एवं अन्य स्वास्थ्यकर्मीको लागि न्यूनतम पारिश्रमिक र सेवा सुविधा नेपाल सरकार सरह नघट्ने गरी लागू गर्न यही मंसिर २७ गते सचिवस्तरीय निर्णय भएको छ ।'

तोकिएको समय भन्दाबढी कार्यको लागि अतिरिक्त भत्ताको व्यवस्था गर्न, स्वास्थ्य तथा शैक्षिक संस्थाले करार (नियुक्ती सम्झौता) गरी राख्नुपर्ने, ज्यालादारीमा कार्य गराउन नपाइने, सक्कल शैक्षिक लब्धांकपत्रमा कार्यालयले राख्न नपाइने र अनुभवको प्रत्र प्रदान गर्नुपर्ने व्यवस्था कडाइका साथ कार्यान्वयन गर्न पनि मन्त्रालयले निर्देशन दिएको छ ।

त्यस्तै, नर्सिङलगायतका अन्य स्वास्थ्यकर्मीको पारिश्रमिक बैंकिङ प्रणालीबाट मात्र उपलब्ध गराउनुपर्ने पनि मन्त्रालयको निर्देशनमा उल्लेख छ । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले नर्सलगायत सबै स्वास्थ्यकर्मीको पारिश्रमिक र अन्य सुविधा बढाउने प्रतिबद्धता व्यक्त गर्दै आएका थिए । मन्त्री पौडेलको निर्देशनमा मन्त्रालयले न्यूनतम पारिश्रमिकलगायतका सुविधा कायम गर्न निर्णय गरेको हो ।

## राष्ट्रपतिबाट पाँच देशका लागि राजदूत नियुक्त

**काठमाडौं (प्रस)-** सरकारले गत साउन १६ गते १८ देशका लागि राजदूतमा सिफारिस गरेकामध्ये पाँच जनाले शुक्रबार राजदूतको नियुक्ति पाएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले विभिन्न पाँच देशका लागि आवासीय राजदूत नियुक्त गरेको राष्ट्रपति कार्यालयले जनाएको छ ।

राजदूत नियुक्ति पाउनेहरूमा गणतन्त्र पोर्चुगलका लागि प्रकाशमणि पौडेल, स्पेनका लागि सनिल नेपाल, दक्षिण अफ्रिकाका लागि प्रा.डा. कपिलमान श्रेष्ठ, बेल्जियमका लागि सेवा लम्साल र गणतन्त्र कोरियाको लागि डा. शिवमया तुम्बाहाङफे रहेका छन् । कोरियाको राजदूत हुने भाग्यमानी डा. तुम्बाहाङफे पूर्वउपसभामुख भइसकेकी व्यक्ति हुन् । लम्साल परराष्ट्र मन्त्रालयकी निवर्तमान सचिव हुन् ।

लम्साल परराष्ट्र मन्त्रालयकी निवर्तमान सचिव हुन् भने तुम्बाहाङ्फे पूर्वउसभामुख हुन् । स्पेनका लागि राजदूत नियुक्त भएका सनिल पोर्चुगलका लागि पहिलो नेपाली राजदूत हुन् ।

सरकारले गत साउन १६ गते १८ देशका लागि सिफारिस गरेकामध्ये अधिकाशं राजदूत नियुक्ति पाएर सम्बन्धित देशमा पुगिसकेका छन् ।


**युएइमा रोजगार** कम्पनी : Qalaat Al Manakh General Security Guard Services LLC

पूर्व स्वीकृति मिति : २०८१/०८/२६ | LT. No. 315267 | चलानी नं. ६०२२९५९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guarding Services | 10 | 0 | 1200 | ४४,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ६ गते (21st Dec. 2024) मा हुनेछ ।

श्रम ईजाजत नं. ४९७/०६१/०६२
Shuvam Overseas Employment Pvt. Ltd.
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 99814462098, 9867835681, 9851206038, E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com



**युएइमा रोजगार** कम्पनी : PLUS TEN TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०८/२८ | LT. No. 315363 | चलानी नं. ६०२२९६४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४४,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 2 | 0 | 1200 | ४४,५१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ६ गते (21st Dec. 2024) मा हुनेछ ।

PREMIUM HUMAN RESOURCE
Govt. License 1631/080/081
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814, 9851230753, Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np



**युएईमा रोजगार** कम्पनी : PAN EMIRATES HOME FURNISHINGS LLC -DUBAI BRANCH

पूर्व स्वीकृति मिति : २०८१/०५/२८ | पून : विज्ञापन स्वीकृति मिति : २०८१/०८/२८ | LT. No. 310792 | चलानी नं. ६०२२९३५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packers | 2 | 0 | 1000 | ३६,९७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ६ गते (21st Dec. 2024) मा हुनेछ ।

Aseana International Pvt. Ltd.
Lekhnath, Marga, Nayabazar-16, Kathmandu, Nepal, Tel:- 01-498950
Email:-aseana.manpower@gmail.com, info@asenainternational.com, Website:- www.aseanainternational.com
Govt. License 937/067/068



**युएईमा रोजगार** कम्पनी : MAGNUM SECURTIY SERVICES

पूर्व स्वीकृति मिति : २०८०/१०/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२८ | LT. No. 298801 | चलानी नं. ६०२१३७५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 17 | 0 | 1200 | ४४,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ७ देखि ९ गते (22-24 Dec. 2024) मा हुनेछ ।

Avion Human Resource Management Pvt. Ltd.
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal. , Tel No.: +977 1 4584744, 9801000591, 9801000593, 9843685128, Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

शनिबार, २९ मंसिर, २०८१

| राशि | फल |
|---|---|
| मेष | अरूको करकापमा काम गर्न बाध्य । |
| वृष | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| मिथुन | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| कर्कट | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| सिंह | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| कन्या | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| तुला | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |
| वृश्चिक | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| धनु | सुखद समाचारले मनको डर उत्साहमा रुपान्तरण । |
| मकर | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |
| कुम्भ | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |
| मीन | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्ड्स् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२९ मंसिर, २०८१ (१४ डिसेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३५.२१ | १३५.८१ |
| युरो | १ को | १४३.०७ | १४३.७१ |
| पाउन्ड स्टर्लिङ | १ को | १७२.५७ | १७३.३३ |
| स्विस फ्रैन्क | १ को | १५४.०८ | १५४.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८६.८३ | ८७.२१ |
| क्यानाडियन डलर | १ को | ९६.३० | ९६.७३ |
| सिङ्गापुर डलर | १ को | १००.९२ | १०१.३७ |
| जापानी येन | १० को | ८.९८ | ९.०२ |
| चिनियाँ युआन | १ को | १८.६१ | १८.६९ |
| साउदी अरब रियाल | १ को | ३५.९९ | ३६.१५ |
| कतारी रियाल | १ को | ३७.०९ | ३७.२५ |
| थाई भाट | १ को | ३.९८ | ३.९९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.८१ | ३६.९८ |
| मलेसियन रिङ्गेट | १ को | ३०.५९ | ३०.७३ |
| दक्षिण कोरियन वन | १०० को | ९.५२ | ९.५६ |
| स्विडिस क्रोनर | १ को | १२.४३ | १२.४९ |
| डेनिस क्रोनर | १ को | १९.१८ | १९.२७ |
| हङकङ डलर | १ को | १७.३८ | १७.४६ |
| कुवेती दिनार | १ को | ४४०.०५ | ४४२.०० |
| बहराइन दिनार | १ को | ३५८.५५ | ३६०.१४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# नीतिगत सुधार पर्खँदै टेलिकम कम्पनी

**कमलकुमार बस्नेत** / काठमाडौं

झण्डै तीन दशकअघि बनेको कानुनमा समयसापेक्ष संशोधन नहुँदा टेलिकम कम्पनीहरू मारमा परेका छन् । अत्यधिक नवीकरण शुल्क, सेवा प्रदायकबीचको व्यवहार, ओभर द टप (ओटिटी) प्लेटफर्महरूको बढ्दो प्रयोग र ओटिटी प्लेटफर्मलगायतलाई नियमन गर्न नसक्दाको मारमा टेलिकम सेवाप्रदायक कम्पनी परेको विज्ञहरूको बुझाइ छ । यसबाट टेलिकम सेवाप्रदायकको आम्दानी घट्नुका साथै गुणस्तर सुधार, सेवा विस्तार र भावी योजनामा पनि असर परेको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार पछिल्लो पाँच वर्षमा टेलिकम सेवाप्रदायकको आम्दानी घट्दो क्रममा छ । तर सोही समयमा इन्टरनेट सेवा प्रदायकको आम्दानी भने बढ्दो देखिएको छ । टेलिकम सेवा प्रदायकहरूको आम्दानी आर्थिक वर्ष २०७५/७६ को तुलनामा आव २०७९/८० मा २०.९२ प्रतिशतले आम्दानी घटेको छ । जबकि सोही अवधिमा इन्टरनेट सेवा प्रदायकहरूको आम्दानी भने झण्डै दोब्बर अर्थात् ९७.५० प्रतिशतले बढेको देखिन्छ ।

जानकारहरू टेलिकम कम्पनीसम्बन्धी कानुन र टेलिकम कम्पनीलाई हेर्ने दृष्टिकोण संकुचित हुँदा यो क्षेत्र नै संकटमा परेको बताउँछन् । दूरसञ्चारसम्बन्धी कानुनमा तत्काल आवश्यक संशोधन नगर्ने हो भने यो क्षेत्र नै धरापमा पर्नसक्ने उनीहरूको विश्लेषण छ । नेपालमा हाल दूरसञ्चार ऐन, २०५३ र दूरसञ्चार नियमावली २०५४ कार्यान्वयनमा छन् । झण्डै तीन दशक पुरानो ऐनले बदलिँदो आधुनिक प्रविधिलाई सम्बोधन गर्न नसकेको विज्ञहरूको धारणा छ ।

नेपाल दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष भेषराज कँडेल पुरानो कानुन तत्कालीन समयमा निकै राम्रो भए पनि त्यसलाई समयसापेक्ष संशोधन गर्न नसकिएको बताउँछन् । 'जसरी प्रविधिमा परिवर्तन हुँदै गयो, सोहीअनुसार कानुनलाई ढाल्दै जानुपर्ने हो, त्यसमा हामी चुकेका छौं,' उनले भने, 'यदि बजारको माग र परिवर्तित प्रविधिलाई कानुनले सम्बोधन गर्न सक्दैन भने लगानीको जोखिम बढ्छ ।'

कँडेल नीतिगत सुधार नभएकै कारण टेलिकम कम्पनीहरूको ठूलो लगानी जोखिममा पर्नुका साथै आम्दानी घट्दै गएको धारणा राख्छन् । 'टेलिकम कम्पनीहरूको पूर्वाधारमा लगानी ठूलो छ, अनुमतिपत्र नवीकरण शुल्क पनि निकै बढी छ, टेलिकमलेजस्तै भ्वाइस र म्यासेजको सेवा दिने ओटिटीलगातयका प्लेटफर्मका कारण उनीहरूको आम्दानी खुम्चँदै गइरहेको छ । यसले उनीहरूको भविष्यसमेत अन्योल देखिएको छ,' उनले भने ।

कँडेलका अनुसार नीतिमा सुधार नभएकै कारण छ वटा टेलिकम सेवाप्रदायक संस्था अहिले दुईवटामा सीमित भएका छन् । उनले भने, 'वास्तवमा २० अर्ब रूपैयाँ नवीकरण शुल्क आफैंमा निकै बढी थियो । यही कारणले अन्य चारवटा सेवाप्रदायकले आफूलाई प्रतिस्पर्धामा टिकाइ राख्नसक्ने अवस्था भएन र बन्द भए ।' चारवटा टेलिकम सेवाप्रदायक कम्पनी बन्द हुनुको कारण पनि नवीकरण शुल्क भएको उनको बुझाइ छ ।

प्राधिकरणका पूर्वअध्यक्ष सुरेशकुमार पुडासैनी पनि कँडेलको भनाइमा सहमत छन् । 'म २०५३ सालको दूरसञ्चार ऐन पूर्णरूपमा संशोधन गर्नुपर्छ वा नयाँ ऐन आवश्यक नै हो भन्ने पक्षमा छैन, तर नियमावली वा निर्देशिकामार्फत सेवाप्रदायकलाई सहजीकरण भने गरिदिनुपर्छ,' उनले भने, 'ऐन, नियम तथा निर्देशिकाहरू प्रविधिमैत्री भएनन् भने समस्या भइरहन्छ, त्यसैले स्थिरताका लागि नीति परिवर्तन गरिरहनेभन्दा पनि विकसित आधुनिक प्रविधिलाई समेट्ने गरी कानुन निर्माण जरुरी छ ।'

पूर्वअध्यक्ष पुडासैनी कानुनलाई स्थिर बनाउँदै परिवर्तित प्रविधिलाई सम्बोधन गर्ने खालको सरल बनाउनुपर्ने आवश्यकता औंल्याउँछन् । 'प्रविधि आधुनिक भयो भन्नेबित्तिकै कानुन संशोधन गर्दै जाने हो भने भोलिका दिनमा सिक्स जी, एआइलगायतका नयाँ प्रविधि आउँछन्, त्यसैले भविष्यमा हुनसक्ने प्रविधिको विकासलाई पनि समेट्नेगरी कानुन बनाउनुपर्छ । कानुन प्रविधिमैत्री होस् भन्नेमा सचेत हुनुपर्छ,' उनले भने ।

उनी टेलिकम क्षेत्रलाई राजस्व प्राप्तिका दृष्टिलेमात्रै हेर्न नहुने धारणा राख्छन् । दूरसञ्चार क्षेत्रलाई गतिलो र भरपर्दो राजस्वका क्षेत्रका रूपमा मात्रै हेरिँदा पनि यसप्रकारको समस्या आउने उनको बुझाइ छ । 'टेलिकम क्षेत्रबाट जति पनि पैसा लिन सकिन्छ भन्ने धारणा छ, तर दूरसञ्चारका कारण कृषि, स्वास्थ्य, शिक्षा र आर्थिकलगायत क्षेत्रमा कसरी फाइदा पुगिरहेको छ भन्ने विषयमा ध्यान दिइँदैन, त्यसबाहेक विभिन्न सेवाका लागि छुट्टाछुट्टै लाइसेन्स लिने व्यवस्थाको साटो एकीकृत लाइसेन्सको अवधारणामा जानु उपयुक्त हुन्छ,' उनले भने ।

पूर्वअध्यक्ष पुडासैनी नवीकरणको हकमा पनि शुल्क अत्यधिक भएको तर्क गर्छन् । 'सामान्यतया: अनुमतिपत्र लिँदाको शुल्कभन्दा नवीकरण शुल्क बढी हुँदैन, दूरसञ्चार क्षेत्रकै इन्टरनेट सेवा प्रदायक (आइएसपी)हरूले पनि तीन लाख रूपैयाँ अनुमतिपत्रको शुल्क र नवीकरण शुल्कबापत दुई लाख ७० हजार रूपैयाँ बुझाउँछन्, तर टेलिकमका हकमा भने यो सिद्धान्त लागू नहुँदा सेवाप्रदायक मारमा परेका छन्,' उनले भने ।

उनले अर्बौं रकम तिरेर सेवा दिइरहेका टेलिकम कम्पनीहरूले जस्तै नियमनभन्दा बाहिर रहेर समान प्रकृतिको सेवा प्रदान गरिरहेका ओटिटीका कारण पनि समस्या भएको बताउँछन् । टेलिकम कम्पनीहरूले अर्बौं रकम खर्चेर नवीकरण गर्ने तर ओटिटी प्लेटफर्मले भने सोही प्रकृतिको सेवा दिँदा त्यसको घाटा ती कम्पनीलाई मात्रै नभई राज्यलाई ठूलो घाटा भइरहेको जानकारहरूको भनाइ छ ।

ओटिटी प्लेटफर्महरू जस्तै ह्वाट्सएप, भाइबर, स्काइप, इमोलगायतले दिने सेवाका कारण टेलिकम कम्पनीको आम्दानीमा संकुचन आएको छ । उनीहरूको आम्दानी घट्दो क्रममा छ । अन्तर्राष्ट्रिय आगमन कलतर्फको आम्दानी हेर्ने हो भने पछिल्लो सात वर्षमा ६० प्रतिशतभन्दा बढीले घटेको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार नेपाल टेलिकमले आव २०७३/७४ मा अन्तर्राष्ट्रिय कलमार्फत आठ अर्ब रूपैयाँ आम्दानी गरेको थियो भने हाल उक्त आम्दानी प्रत्येक वर्ष खुम्चँदै आव २०७९/८० मा आइपुग्दा तीन अर्ब ९१ करोड रूपैयाँमा सीमित भएको छ । साथै एनसेलले पनि आव २०७३/७४ मा १७ अर्ब रूपैयाँ आम्दानी गरेकामा आव २०७९/८० मा छ अर्ब ९३ करोड रूपैयाँमा सीमित भएको छ ।

टेलिकमको व्यवसाय प्रभावित हुनुमा इन्टरनेट सेवा प्रदायक पनि कारक देखिएको पुडासैनीको बुझाइ छ । इन्टरनेट सेवा प्रदायकले हरेक क्षेत्रमा 'हटस्पट' राख्ने चलनका कारण टेलिकमको व्यवसाय प्रभावित भएको उनी बताउँछन् । त्यसैले हटस्पट राख्ने नियममा कडाइ गरिनुपर्ने आवश्यकता उनले औंल्याए ।

प्राधिकरणका पूर्ववरिष्ठ निर्देशक आनन्दराज खनाल हालको ऐन संकीर्ण भएकाले संशोधन आवश्यक रहेको बताउँछन् । ऐनले पूर्वाधार क्षेत्रमा स्पष्ट नीति लिनुपर्ने आवश्यकता औंल्याउँछन् उनी । सेवाप्रदायकले ठूलो लगानीमा निर्माण गरेका पूर्वाधारको सुरक्षा नभएको र राज्यले पनि त्यस विषयमा ध्यान दिन नसकेको उनी बताउँछन् ।

'प्रविधि छिटोछिटो परिवर्तन भइरहेको अवस्था छ, सोहीअनुसार सेवा प्रदायकले पूर्वाधारमा लगानी बढाइरहेका छन्, तर ती पूर्वाधारको भौतिक र लगानीको सुरक्षा राज्यले दिन सकेको छैन,' उनले भने, 'यस विषयलाई नीतिगत तहबाटै सम्बोधन गर्न सकियो भने मात्रै सेवाप्रदायकलाई सहज हुन्छ अन्यथा यो क्षेत्रको संकट थप गहिरिन्छ ।'

खनाल नीतिगत सुधारमार्फत टेलिकम क्षेत्रमा लगाइएको चर्को शुल्क कम गर्नुपर्ने, नवीकरणमा सहजीकरण गर्नुपर्ने तथा लगानीको सुरक्षाको प्रत्याभूति नगर्दासम्म अपेक्षाकृत सफलता हासिल नहुने बताउँछन् । 'टेलिकम संवेदनशील क्षेत्र हो । योविना हामीले अघि सारेको डिजिटल नेपालको योजना पूरा हुँदैन, त्यसैले सरकारले त्यो पाटोलाई हेरेर नीतिगत सहजीकरण गर्नु आवश्यक छ,' उनले भने, 'कुनै कम्पनीले अर्बौं खर्च गरेर टेलिकम कम्पनी सञ्चालन गरिरहेको छ, तर उसलाई पाँच वर्षपछि के हुन्छ भन्ने अन्योल छ भने त्यसले राम्रो गर्दैन, यसले संस्थागत क्षयीकरण गराउँछ ।'

नयाँ ऐन आयो भने यस क्षेत्रमा नयाँ टेलिकम कम्पनी आउनका लागि सहज हुने उनको बुझाइ छ । 'हाल दुईवटा टेलिकम कम्पनी सञ्चालनमा छन्, बजारमा अझै कम्तीमा एउटा टेलिकम कम्पनीका लागि स्थान नरहेको होइन, यो प्रतिस्पर्धात्मक बजारका लागि पनि आवश्यक छ,' उनले भने ।

नेपाल टेलिकम कम्पनीकी प्रबन्ध निर्देशक संगीता पहाडी पनि टेलिकम कम्पनीहरूको आम्दानी घट्दो क्रममा रहेकाले बदलिँदो परिवेशमा सोहीअनुसारको नीति आवश्यक भएको बताउँछिन् । 'घट्दो आम्दानी रहेको अवस्थामा प्रत्येक पाँच वर्षमा ठूलो रकम खर्चेर नवीकरण गर्न सकिने अवस्था छैन,' उनले भनिन् ।

एनसेलका प्रमुख नियामक मामिला अधिकृत विशाल उपाध्याय निरन्तर ओरालो लागेको आयलाई सुधार गर्न र सेवाग्राहीलाई लाभ दिन पनि अन्य सार्वजनिक सेवामा जस्तै टेलिकम क्षेत्रमा मुद्रास्फीतिका आधारमा शुल्क निर्धारणमा समायोजनको सुविधा आवश्यक भएको बताउँछन् । 'हामीले अत्यावश्यक ठानेका बिजुली र पानीलगायत सेवामा शुल्क हेरफेर गर्दै आएका छौं भने टेलिकमका क्षेत्रमा पनि यो गरिनुपर्छ भन्ने हाम्रो सुझाव छ । भारतमा पनि टेलिकमको अवस्था खराब हुँदा 'मर्जर' तथा 'एक्विजिसन'को विकल्पका साथै शुल्क २७ प्रतिशतसम्म बढाएको उदाहरण छ,' उनले भने ।

अनुमति नलिएका ह्वाट्सएप, भाइबर, म्यासेन्जर जस्ता ओटिटी एपका कारण नेपालको भ्वाइस सेवाको बजारमा करिब ४० प्रतिशतभन्दा बढी असर परिरहेको उल्लेख गर्दै उनले भ्वाइस सेवाको प्रयोग, यसबाट हुने आय र अन्तर्राष्ट्रिय आगमन कलको ट्राफिक हरेक वर्ष घटिरहेको दाबी गरे ।

'मोबाइल सेवाप्रदायकले फोरजी नेटवर्कमा बृहत् लगानी गरे पनि नेटवर्क मनिटाइजेसन हुन सकेको छैन । विगत सात वर्षको तथ्यांक हेर्ने हो भने डेटा खपत वृद्धि भए पनि शुल्क घटेकाले यसबाट प्राप्त हुने आम्दानीमा उल्लेख्य वृद्धि हुन सकेको छैन,' उनले भने, 'त्यसैले यो समस्या समाधानका लागि सरकारले सेवाका दरहरू मूल्यवृद्धिका आधारमा परमार्जिन गर्नुको विकल्प छैन ।'

## प्रक्रियामा ऐन निर्माण

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले भने हाल दूरसञ्चार क्षेत्रमा देखिएका समस्यालाई सम्बोधन गर्न दूरसञ्चार विधेयक ल्याउने तयारी भइरहेको जनाएको छ । मन्त्रालयले गत असारमा दूरसञ्चारसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयकमा आवश्यक राय तथा सुझावका लागि 'दूरसञ्चार ऐन, २०८१'को मस्यौदा वेबसाइटमार्फत सार्वजनिक गरिसकेको छ । उक्त ऐनमा हाल टेलिकम सेवा प्रदायकले भोगिरहेको नवीकरणलगायतका समस्या समाधानमा सम्बोधन गर्ने विज्ञहरूको बुझाइ छ ।

ऐनको मस्यौदामा नेपाल टेलिकम र एनसेल दुवैले लिखितरूपमै मन्त्रालयमा सुझाव पठाइसकेका छन् । लामो समयपछि निर्माण हुन लागेको ऐन प्रविधिमैत्री हुने र सेवा प्रदायकले हाल भोगिरहेका समस्या समाधानका लागि पनि मार्गनिर्देश प्राप्त हुन्छ भन्नेमा आफूहरू विश्वस्त रहेको नेपाल टेलिकमका प्रबन्ध निर्देशक पहाडी बताउँछन् । *रासस*

> नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार नेपाल टेलिकमले आव २०७३/७४ मा अन्तर्राष्ट्रिय कलमार्फत आठ अर्ब रूपैयाँ आम्दानी गरेको थियो भने हाल उक्त आम्दानी प्रत्येक वर्ष खुम्चँदै आव २०७९/८० मा आइपुग्दा तीन अर्ब ९१ करोड रूपैयाँमा सीमित भएको छ । साथै एनसेलले पनि आव २०७३/७४ मा १७ अर्ब रूपैयाँ आम्दानी गरेकामा आव २०७९/८० मा छ अर्ब ९३ करोड रूपैयाँमा सीमित भएको छ ।

| आर्थिक वर्ष | टेलिकम सेवाप्रदायकको आम्दानी (रु मा) |
|---|---|
| आव २०७५/७६ | ९२,१२,३७,८३,६७१ |
| आव २०७६/७७ | ८१,२०,३६,९१,२४८ |
| आव २०७७/७८ | ७५,७१,२९,२२,४४९ |
| आव २०७८/७९ | ७७,०५,८०,५७,६८६ |
| आव २०७९/८० | ७२,८४,३४,७४,९१९ |



# गल्फ कोर्समा आकर्षण बढ्दो

**धरान (सुनसरी)**- धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको हातामा रहेको गल्फ कोर्स पूर्वी नेपालका गल्फ प्रेमीका लागि आकर्षण केन्द्र बन्दै गएको छ ।

धरान गल्फ क्लबका अनुसार उक्त कोर्समा धरान, इटहरी, विराटनगरलगायत पूर्व क्षेत्रका साथै पोखरा र काठमाडौंबाट पनि गल्फ खेल्न आउने गरेका छन् । हाल यहाँ विभिन्न ठाउँबाट दैनिक ४० देखि ५० भन्दा बढी गल्फ खेल्न आउने गरेका क्लबका अध्यक्ष हरिबहादुर राईले बताए । उनका अनुसार क्लबमा अहिले ८० जना सदस्य आबद्ध छन् ।

सन् १९६२ मा स्थापना भएको उक्त गल्फ कोर्सले स्थानीयस्तरमा खेलाडी उत्पादन गर्न महत्त्वपूर्ण भूमिका खेलेको राईको भनाइ छ । क्लबमा २०७३ सालदेखि गल्फ खेल्दै आएका खेलाडी जीतेन्द्र राई 'सिंगल हेण्डी क्याप' खेलाडीका रूपमा सक्रिय छन् । सुरुमा स्वास्थ्यका लागि खेलेको बताउँदै उनले अहिले यसको अनिवार्य अभ्यास गर्ने सोख बसेको उल्लेख गरे ।

उनले भने, 'विशेषगरी यो खेल मैले स्वास्थ्यका लागि लिएको हुँ । यो खेल खेल्न त्यति सजिलो भने छैन । सिक्नका लागि लामो समय लागे पनि यो खेल 'जिरो इन्जोर' खेल भएकाले यसमा रमाइरहेको छु ।'

आफूले गल्फ खेल्न थालेपछि विभिन्न टुर्नामेन्टमा सहभागी भएर उपाधिहरू पनि जितेको जीतेन्द्रले जानकारी दिए । प्रोफेसनल गल्फ नेपाल एसोसिएसनले गरेको टुरमा आफू सिंगल हेण्डी क्याप भएकाले 'स्टण्डसाइड'को खेलाडी भएर 'टिम इभेन्ट'मा प्रथम स्थान हासिल गरेको उनले बताए । पछिल्लो समय गल्फ आयआर्जन गर्ने प्रभावकारी माध्यम बन्दै गएकाले पनि खेलाडीको आकर्षण बढेको उनको बुझाइ भनाइ छ ।

धरानमा ब्रिटिस क्याम्प स्थापना भएपछि क्याम्पभित्र सन् १९६२ मा १८ होलको गल्फ कोर्स बनेको उक्त कोर्सका सदस्य राजु राईले जानकारी दिए । धरान लाहुरेको सहर भनेर पनि चिनिने भन्दै धरान गल्फ क्लब ब्रिटिसको संस्था नोफिल गिफ्टले स्थापना गरेपछि ब्रिटिस लाहुरेलाई सन् १९६२ हस्तान्तरण गरेको उनले बताए ।

'सन् १९८९ जुलाईमा ब्रिटिस लाहुरेले क्याम्प छोडेपछि गल्फ कोर्स क्लब विस्थापित भयो,' राजुले भने, 'विस्तारै धरानका स्थानीयहरू गल्फप्रति आकर्षित हुँदै गएपछि नयाँ सदस्य बनाएर पुनःसञ्चालन गरिएको हो ।' गल्फ खेलले धरानमा आन्तरिक र बाहय पर्यटन भित्र्याउनमा महत्त्वपूर्ण भूमिका खेलिरहेको उनको दाबी छ ।

सदस्य राजुले यहाँ अहिले धेरैजसो विदेशी पर्यटक गल्फ खेल्न आउने गरेका जानकारी दिए । इंग्ल्याण्ड, इटाली, फ्रान्स, अस्ट्रेलिया, सिंगापुर, युकेलगायत देशका पर्यटक यहाँ गल्फ खेल्न आउने गरेका उनले बताए । राजुले भने, 'नेपालमा गल्फ कोर्स क्लब थोरैमात्रामा छन्, जसमा पूर्वमा धरानमा मात्र रहेको गल्फ कोर्स पूर्वको गहना जस्तै बनेको छ । यहाँ सबैभन्दा सस्तोमा खेल खेलाइँदै आइएको छ ।' उनले गल्फको विकासमा सरकारले ध्यान दिन आवश्यक रहेकामा जोड दिए ।

गल्फ खेल स्वास्थ्यका लागि लाभदायी मानिन्छ । शान्तरूपमा खेलिने भएकाले यो खेललाई 'माइन गेम' भनेर चिन्ने गरिन्छ । गल्फ खेल्दा शारीरिक र मानसिक स्वास्थ्यमा फाइदा पुग्ने खेलाडीहरूको अनुभव छ । खेलाडी राजुले गल्फ खेल्दा ढाड दुख्ने, जोर्नी नसासम्बन्धी बिरामीका लागि लाभदायी हुने बताए । उनले भने, 'गल्फ खेल्न अरु खेलजस्तो उमेरको हदबन्दी रहँदैन । सबै उमेर समूहकाले यो खेल खेल्नु लाभदायक हुन्छ ।'

२०८० फागुनमा धरान गल्फ कोर्समा 'ड्राइभिङ रेन्ज र पार्किङस्थल' निर्माण गरेपछि प्रभावकारी व्यवस्थापन भएको छ । धरान गल्फ क्लब र नेपाली सेनाको काली शक्ति इञ्जिनियरिङ गणको सहकार्यमा निर्माण गरिएको ड्राइभिङ रेन्ज र पार्किङले यहाँ आउने खेलाडीको व्यवस्थापनमा सहज बनाएको क्लबका सदस्य राजुले बताए ।

क्लबका अध्यक्ष हरिबहादुर राईले नेपालमा पनि गल्फ उत्कृष्ट खेलका रूपमा विकास हुँदै आएको बताए । उनले भने, 'गल्फ खेल्नका लागि विभिन्न ठाउँबाट धरान आउनेको संख्या दिनप्रतिदिन बढिरहेको छ ।' *रासस*





**मलको जोहो** | बोरामा व्यवस्थापन गरी राखिएको गाईवस्तुको मल खेतबारीमा लैजाँदै मुस्ताङका किसान । बर्खे बाली भित्र्याएपछि यतिबेला मुस्ताङका किसानलाई हिउँदेबाली लगाउन भ्याइनभ्याइ भएको छ । *तस्बिरः सुशीलबाबु थकाली/रासस*

# विपद्का घटनाबाट चिन्तित चुरेफेदी

**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिका चुरेफेदीको बस्तीमा विपद्जन्य गतिविधि बढ्दै जान थालेकामा बेलडाँडीका चन्द्रबहादुर चौधरी निकै चिन्तित छन् । बर्सेनि वर्षात्का बेला चुरे क्षेत्रमा निरन्तर जाने पहिरोबाट खोलामा बालुवा, गेग्रान, ढुंगालगायत भरिएर चौधरीको घरसम्म बाढीको पानी पुग्ने गरेको छ । खोला र जमिनको सतह बराबर भएपछि खोलाको पानी घरसम्म पुग्न थालेको उनी बताउँछन् ।

दुई वर्षदेखि बेलडाँडीमा वनहरा नदी र अनौखी खोलाको बाढी पस्न थालेको हो । 'यस वर्ष भदौको अन्तिम साता बाढीको पानी गाउँमा पस्दा डुबान र कटानका कारण बालीनालीमा मात्र क्षति भयो, समयमै जानकारी पाइएपछि मानवीय क्षति हुन पाएन,' चौधरीले भने, 'गत वर्ष चुरेमा वर्षा हुँदा राति १:०० बजेको समयमा बाढी आउँदा स्थानीय किसानले पशुपक्षीलाई सुरक्षित स्थानमा सार्न नसक्दा ठूलो क्षति बेहोर्नुपरेको थियो ।' बेलडाँडीको पूर्वतर्फ वनहरा र पश्चिमतर्फ अनौखीखोला छ ।

गाउँको उत्तरतर्फको भालुखोला पहिला निकै गहिरो थियो । वर्षाको पानी त्यही खोलामा बगेर जान्थ्यो । हाल चुरे क्षेत्रमा मानवीय गतिविधि बढ्दै गएपछि पहिरो जाँदा त्यो खोला पूरै पुरिएको स्थानीय मोतिराम चौधरी बताउँछन् । 'केही वर्षयतादेखि वर्षाको सन्तुलन बिग्रिएको छ,' उनले भने, 'एकछिनमा ठूलो पानी पर्छ, पहिलाजस्तो निरन्तर पानी पर्दैन, एकछिन पर्ने मुसलधारे पानीले गर्दा आउने बाढी विनासकारी हुने गर्छ, पहिला अहिलेको जस्तो बाढीको समस्या थिएन ।'

अहिले चुरे क्षेत्रमा निरन्तर जाने पहिरोले गर्दा खोलानाला पुरिएपछि बाढीको पानी बस्तीमा पुगेर डुबान पटान गर्न थालेको उनको भनाइ छ । 'अवैज्ञानिकरूपमा चुरे क्षेत्र नजिकका खोलानालाबाट ढुंगा, बालुवा, ग्राभेल, माटोलगायत उत्खननको काम हुन थालेको छ,' वीरबहादुर चौधरीले भने, 'चुरे क्षेत्रमा अवैधरूपमा गोठ राखेर बाख्रासहित पशुचौपाया चराउने कार्य हुन थालेको छ, आगलागीका घटनामा वृद्धि हुँदै गएका छन्, अवैधरूपमा रुखबिरुवा कटानी हुने क्रम बढ्दा विपद्को समस्या बल्झिँदै जान थालेको छ ।'

जग्गा कटानी रोक्न गत वर्ष दुई लाखरूपैयाँको लगानीमा अनौखीखोलामा नगरपालिकाले तटबन्ध निर्माण गरे पनि यस वर्षको बाढीले तटबन्ध नै बगाएर लगेको चौधरीले बताए । बढ्दै गएको बाढीजन्य विपद्को सामना गर्न कुनै पनि निकायबाट प्रभावकारी काम नहुँदा चुरे क्षेत्र नजिकका बस्ती केही वर्षभित्र मरुभूमिमा परिणत हुने उनको भनाइ छ । उर्वर जग्गा प्रत्येक वर्ष बालुवा, ढुंगा, गेग्रानले पटान हुँदै जान थालेपछि विगतको जस्तो खेती हुन छाडेको मानबहादुर चौधरीले बताए । उनका अनुसार खेतकै अन्नले वर्षभरि खान पुग्ने परिवार हाल खान नपुगेर भारतलगायत देशमा मजदुरी गर्न जान थालेका छन् । केही परिवार बस्ती नै छाडेर अन्यत्र बस्न थालेका छन् । खोला नदीमा थुप्रिएको नदीजन्य पदार्थको व्यवस्थापन गर्न स्थानीय बासिन्दाले माग गरेका छन् ।

'नदीजन्य पदार्थ धेरै वर्षदेखि नउठाइँदा समस्या आएको छ,' मनोज चौधरीले भने, 'वैज्ञानिक तरिकाले नदीजन्य पदार्थ उठाएर वर्षाको बाढीको पानी बग्ने व्यवस्था मिलाइदिनुपर्‍यो ।' वर्षाको बाढीको पानी बग्ने ठाउ साँघुरिँदै जाँदा र पुरिँदा समस्या भएकाले तत्काल नगरपालिकाले ठेक्का प्रक्रियामार्फत नदीजन्य पदार्थ उठाउने व्यवस्था गर्नुपर्ने उनको छ ।

'तीन दशक अघिसम्म जिल्ला विकास समितिले नदीजन्य पदार्थ उठाएर सडक निर्माणका कार्यमा प्रयोग गर्दै आएको थियो,' फुलपट्टु डगौराले भने, 'जिल्ला विकास समिति विघटन भएपछि नदीजन्य पदार्थ उठाइएको छैन, त्यसपछि बाढीजन्य विपद्को सामना गर्दै आएका छौं ।' थोरै वर्षामा बाढीको पानी गाउँ पस्दा बेलडाँडी गाउँका दुई सय ३० परिवार प्रभावित भएका छन् । जसमध्ये ३५ परिवार बाढीको उच्च जोखिममा छन् । शुक्लाफाँटा नगरपालिकाका प्रवक्ता लालबहादुर ऐर केही नदीमा नदीजन्य पदार्थको व्यवस्थापन गर्न गौंडी र अनौखीखोलाको ठेक्का प्रक्रियाको काम अगाडि बढेको बताउँछन् ।

बाढीजन्य विपद्का घटना भइरहेका अन्य क्षेत्रको अध्ययन गरी बस्ती पनि सुरक्षित रहोस्, नदीजन्य पदार्थको वैज्ञानिक तरिकाले व्यवस्थापन कसरी गर्न सकिन्छ भनेर काम अगाडि बढाउन नगरप्रमुख, उपप्रमुखलगायत कार्यपालिका सदस्यसँग छलफल गरी कार्य अगाडि बढाउने उनी बताउँछन् । चुरे विनास रोक्न ठोस योजना बनाइने उनको भनाइ छ । *रासस*

# व्यावसायी बन्दै आमाहरू

■ सिंगबहादुर थापा

**बरहथवा (सर्लाही)-** सर्लाहीको हरिवन नगरपालिका-५, घुर्कौलीका स्थानीय महिलाहरूले लघुउद्यम गरेर आम्दानी गर्न थालेका छन् । स्थानीय नौ महिलाको समूहले गाउँघरमै लघुउद्यम गरेर फुर्सदको समयमा थोरै भए पनि आम्दानी गर्न सुरु गरेका हुन् ।

हरिवन नगरपालिका-५ वडा कार्यालयले महिला सशक्तीकरणको लागि छुटयाइएको बजेटबाट लिएको तालिमले अहिले उद्यमी व्यवसायी बनाएको आमा शक्ति महिला लघुउद्यमी समूहकी अध्यक्ष शिलाकुमारी महतोले बताइन् । 'हामी आमाहरू मिलेर समूह बनाएका छौं,' उनले भनिन्, 'आमाहरूका लागि अत्यावश्यक सरफ (डिटरजेन्ट पाउडर) बनाउन सुरु गरेका छौं ।'

महिलालाई स्वरोजगार बनाउने उद्देश्यसहित दुई वर्षअघि वडा कार्यालयले सञ्चालन गरेको तालिममा सहभागी स्थानीय महिलाजनले जनही पाँच हजार रूपैयाँका दरले रकम जम्मा गरेर समूह दर्ता गरेका हुन् । सुरुमा हातले बनाएर प्याक गर्ने र आफैंले प्रयोग गर्ने गरेको समूहकी कोषाध्यक्ष सजनी स्याङ्तानले बताइन् । यसरी व्यावसायिक हुन नसक्ने देखेपछि फेरि सदस्यहरूले २५/२५ हजार रूपैयाँ थपेर र नपुग रकम ऋण लिएर मेसिन किनेको उनको भनाइ छ । मेसिनको सहायताले धेरै छिटो र सजिलै धेरै सरफ उत्पादन गर्न सकेको उनले बताइन् ।

समूहले उत्पादन गरेको सरफ प्याक गरेर आफैंले बजारसम्म पुऱ्याउने गरेको छ । बजारमा माग कम रहेकाले अहिले १५ दिनमा दुईपटक उत्पादन गर्ने र अन्य दिनमा बजारमा प्रचारप्रसार गर्ने गरेको अध्यक्ष महतोले बताइन् । 'उत्पादन गर्ने दिन सबै सदस्य बिहान घरधन्दा सकेर कारखानामा उपस्थित हुन्छौं,' उनले भनिन्, 'काम बाँडफाँट गरेर कसैले तयारी पाउडर प्याकेटमा हाल्ने, कसैले जोख्ने, कसैले प्याक गर्ने र कसैले बोरामा प्याक गरेर राख्ने गर्छौं ।'

सीप सिकेर उद्यमी व्यवसायी बनेपछि तरकारी, सामान्य खर्चका लागि श्रीमान्को मुख ताक्नुपर्ने बाध्यता हटेको उनीहरूको भनाइ छ । स्थानीय तहले दिने तालिम लिएर सदुपयोग गर्न सके स्वरोजगार बन्नसमेत सहयोग पुग्ने उनीहरूको अनुभव छ । यस समूहले उत्पादन गरेको सरफ उक्त वडाले सुत्केरी पोषण प्याकेज कार्यक्रममा वितरण गर्ने गरिएको छ । नगरका ११ वटै वडाका सुत्केरीलाई वितरण गरिने पोषण प्याकेजमा स्थानीय उत्पादन समावेश गरिदिए आफूहरूले बजार खोज्न धाउनुपर्ने समस्यासमेत समाधान हुने कोषाध्यक्ष स्याङ्तानले बताइन् ।

समूहकी अध्यक्ष महतोले बजारमा अत्यधिक प्रतिस्पर्धा रहेको र स्थानीय उत्पादन भनेपछि नाक खुम्च्याउने प्रचलनले समस्या भएको बताइन् । 'हामी लघुउद्यमीसँग ठूलो लगानी छैन,' उनले भनिन्, 'थोरै कच्चापदार्थ लिँदा महँगो पर्छ । उपकरणको प्रयोग गर्न नसकेका कारण लागत पनि केही बढी हुन्छ । स्थानीयस्तरमा उत्पादन गरेको भनेपछि उपभोक्ता किन्न हिच्किचाउने गर्दा बजारमा केही समस्या भए पनि निराश नभई उत्पादन गरिरहेका छौं ।' बजारमा पाइने अन्य सरफभन्दा पनि गुणस्तरको सरफ उत्पादन गरेको अध्यक्ष महतोले दाबी गरिन् ।

स्थानीय तथा नगरवासीले पनि स्थानीय उत्पादन खोजीखोजी प्रयोग गरेर साना धरेलु तथा लघु उद्योगलाई प्रोत्साहन गर्नुपर्ने उनको भनाइ छ । समूहले सामान बेचेको नाफासमेत लगानी गरेर अहिले आठ लाख रूपैयाँ बराबरको पुँजी विस्तार गरेको जनाएको छ । अढाइ क्विन्टल क्षमताको मिक्सचर मेसिन, एक थान तौल मेसिन र एक थान प्याकेट बन्द गर्ने हिटर मेसिनको प्रयोगबाट उनीहरूले सरफ उत्पादन गरिरहेका छन् ।

बजारबाट माग आएमा दैनिक २५ क्विन्टलसम्म सरफ उत्पादन र प्याकिङ गर्ने उपकरण र जनशक्ति आफूहरूसँग मौज्दात रहेको अध्यक्ष महतोले बताइन् । यहाँ उत्पादित सरफ प्रतिकिलो होलसेलमा ८० रूपैयाँ र खुद्रामा सय रूपैयाँसम्ममा बिक्री गर्ने गरिएको छ । अहिले महिनाको चारदेखि पाँच क्विन्टलसम्म सरफ उत्पादन गरेर बजारमा पुऱ्याउने गरेको समूहले जनाएको छ । *रासस*

# राष्ट्रिय फोटोपत्रकार समूह र चीनको विञ्जाओ मिडिया ग्रुपबीच समझदारी

■ प्रभाव संवाददाता

**विञ्जाओ (चीन)–** राष्ट्रिय फोटोपत्रकार समूह (एनएफपिजे नेपाल) र चीनको सान्तोङ प्रान्तमा रहेको विञ्जाओ मिडिया ग्रुपबीच सांस्कृतिक तथा व्यावसायिक फोटो पत्रकारितामा मैत्रीपूर्ण सम्बन्ध विस्तार गर्ने समझदारी भएको छ । एनएफपिजेका अध्यक्ष प्रदीपराज वन्त र विञ्जाओ मिडिया ग्रुपका निर्देशक चाओ जिंयुआनबीच शुक्रबार उक्त समझदारीपत्र आदानप्रदान भएको हो ।



समझदारीले राष्ट्रिय फोटो पत्रकार समूह र विञ्जाओ मिडिया ग्रुपबीच फोटो, भिडियो, समाचार आदानप्रदान गर्ने र व्यावसायिक क्षमता विकासका लागि सहकार्य गर्ने उल्लेख छ । समझदारीपत्र आदानप्रदान कार्यक्रममा विञ्जाओ मिडिया ग्रुपका निर्देशक जियुआनले दुई देशका फोटो पत्रकार तथा मिडिया हाउसबीच समझदारी गर्न पाउँदा खुसी लागेको बताए । उनले यस्ता समझदारीले समाचारका माध्यमबाट सांस्कृतिक तथा पर्यटनलाई टेवा पुऱ्याउनमा महत्त्वपूर्ण भूमिका खेल्ने र दुवै देशबीच भएको मिडियासम्बन्धी सम्झौतालाई पनि सहयोग पुग्ने उल्लेख गरे ।

एनएफपिजेका अध्यक्ष वन्तले सांस्कृतिक तथा प्राकृतिक दृष्टिले महत्त्वपूर्ण रहेको विञ्जाओको मिडिया ग्रुपसँग गरिएको समझदारीले फोटो तथा समाचारको माध्यमबाट दुई संस्थाको मित्रतालाई स्थापित गर्न सहयोग पुग्नुका साथै दुई देशबिचको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गरे । अन्तर्राष्ट्रिय मिडिया हाउससँग सहकार्य गर्न पाएकोमा उनले खुसी व्यक्त गरे ।

उक्त कार्यक्रममा विञ्जाओ फोटोग्राफर एसोसिएसनका अध्यक्ष लिइ जनपिङ, उपाध्यक्ष तथा सिनियर फोटोग्राफर सु सोय र एनएफपिजेका उपाध्यक्ष सुनिल शर्मालगायत नेपालबाट चीन भ्रमणमा रहेका फोटो पत्रकारहरूको उपस्थिति रहेको थियो । राष्ट्रिय फोटो पत्रकार समूहलाई विञ्जाओ मिडिया ग्रुपका निर्देशक चाओले रेडियो संग्रहालय र टेलिभिजन प्रसारणको अवलोकन गराएका थिए ।

विञ्जाओ मिडिया ग्रुप विञ्जाओकै सबैभन्दा ठूलो मिडिया हाउस हो । यसले पत्रिका, रेडियो, टेलिभिजन, वेबसाइट र मोबाइल एपमार्फत समाचार संकलन, वितरण तथा प्रसारण गर्दै आएको छ ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक २२४ मंसिर २५ गते २०८१ मा प्रकाशित **Red Panda International Overseas Pvt Ltd** को Lot No. 314803 को **Qatar Computer Services Company** कम्पनीको विज्ञापनमा कामदार पदमा **Engineer Transmission Network Analy** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

Red Panda International Overseas Pvt. Ltd.
Tokha-10, Manohar road, Kathmandu, Nepal
Phone No: 01-4952910, E-mail : redpandaovs1375@gmail.com,
Website : www.redpandaoverseas.com,



## साउदीमा रोजगार

कम्पनी : City Works Company for Operation and Maintenance

पूर्व स्वीकृति मिति : २०८१/०८/२८ | LT. No. 315342 | चलानी नं. ६०२२९६४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 5 | 0 | 1000 | ३६,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ६ गते (21st Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Max Employment Center Pvt. Ltd.**
Bijay Chowk-9 Kathmandu , Nepal, Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com
श्रम ईजाजत नं. १५३१/०७८/०७९



## साउदीमा रोजगार

कम्पनी : Al Nashaf Laundry

पूर्व स्वीकृति मिति : २०८१/०८/२८ | LT. No. 315316 | चलानी नं. ६०२२९६५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Iron Labor | 1 | 0 | 1200 | ४३,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ६ र ७ गते (21 & 22 Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License 771/065/066

**ASMITA INTERNATIONAL OVERSEAS P. LTD.**
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com



## कतार/साउदीमा रोजगार

कम्पनी : Clock Vision Waste Treatment and Cleaning Services | सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/०८/२८ | LT. No. 315339 | चलानी नं.६०२२५९४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 1 | 3600 | १३४,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1500 | ५५,८५० | | | | | | | |
| 3 | Gen.clean Worker | 3 | 3 | 1000 | ३७,२३० | | | | | | | |
| 4 | Supervisor | 0 | 1 | 3600 | १३४,०३५ | | | | | | | |
| 5 | Truck Driver / Heavy Driver | 1 | 0 | 2200 | ८१,९१० | | | | | | | |

कम्पनी : ABDUL RAHMAN AL-OTAISHAN & SONS GROUP COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८०/०९/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२८ | LT. No. 297848 | चलानी नं.६०२१२८५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 2 | 0 | 1000 | ३६,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Concrete Worker | 3 | 0 | 1000 | ३६,२५० | | | | | | | |

कम्पनी : MASEER INDUSTRIAL FACTORY

पूर्व स्वीकृति मिति : २०८१/०८/२८ | LT. No. 315336 | चलानी नं.६०२२९६४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 1 | 0 | 1000 | ३६,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ६ गते (21st Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ६३३/०६६/०६७


## कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

## वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मितिः २०८१-०८-२९)

यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित वोलपत्र आव्वानको सूचनाहरुको म्याद भित्र पर्न आएका वोलपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही (Lowest Evaluated Substantially Responsive Bidder) तपसिल अनुसारको वोलपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि वोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| S. No. | Bid IFB No. | Name of Projects | Date of Notice Publication | Quoted Amount With VAT (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 07/Works/NCB/KM/081/082 | Siddhi Tin Dhovan Dekhi Ward No 11 Ko Karyalaya Pahunch Sadak Nirman | २०८१-०६-०४ (20th September, 2024) | 2,88,98,528.62 | Shakti Shiva – GRM JV, Chitwan, Nepal | |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक

रूपशाला

शनिबार, २९ मंसिर २०८१ (Saturday, December 14, 2024)

## अल्लु अर्जुन उच्च अदालतबाट धरौटीमा रिहा

'पुष्पा-२' को प्रिमियरका क्रममा महिलाको ज्यान गएको मुद्दामा तेलंगाना उच्च अदालतले अभिनेता अल्लु अर्जुनलाई जमानत दिएको छ । यसअघि हैदराबाद अदालतले उनलाई १४ दिनको लागि न्यायिक हिरासतमा पठाएको थियो । अभिनेतालाई शुक्रबार बिहान १२ बजे उनको घरबाट पक्राउ गरिएको हो । त्यसपछि ४ बजे उनलाई स्थानीय अदालतमा हाजिर गरिएको थियो, जहाँ उनलाई न्यायिक हिरासतमा पठाइएको थियो । त्यसपछि अभिनेताले उच्च अदालतमा पुनरावेदन गरे । उच्च अदालतले उनलाई ५ बजे धरौटीमा रिहा गरेको हो ।



# 'रेमन्यान्ट्स'ले जित्यो नेपाली पानारोमा अवार्ड



■ प्रभाव संवाददाता

**काठमाडौं** – १२ औं संस्करणको नेपाल अन्तर्राष्ट्रिय मानवअधिकार चलचित्र महोत्सवअन्तर्गत रेमन्यान्ट्सले नेपाली पानारोमा अवार्ड जितेको छ। धनराज बार्कोटेले यस फिल्मको निर्देशन गरेका हुन्।

बिहीबार सम्पन्न महोत्सवमा देवी वृत्तचित्रकी निर्देशक सुविना श्रेष्ठले उत्कृष्ट महिला फिल्ममेकरको अवार्ड जितिन् । ब्ल्याक रेन इन माई आइजले उत्कृष्ट लुघ वृत्तचित्र अवार्ड जितेको छ । त्यस्तै सर्ट फिक्सनजतर्फ द फर्स्ट फिल्मले अवार्ड जितेको छ ।

अवार्ड विजेताहरूलाई प्रतिनिधिसभा सांसद् ठाकुर गैरे, चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, आयोजक नेपाल मानवअधिकार चलचित्र केन्द्रका अध्यक्ष पाण्डव खत्रीलगायतले अवार्ड वितरण गरे ।

फिचर डकुमेन्टी अवार्ड ह्वेर वी युज्ड टु स्लिप वाईले जित्यो । फिचर फिक्सनतर्फको अवार्ड पायल कपाडिया निर्देशित अल वि इम्याजिन एज लाइटले जितेको छ ।

सामुहिक अधिकार नारासहित मंसिर २४ गतेदेखि नेपाल चलचित्र बोर्डको सभाहल र नेपाल पर्यटन बोर्डको सभाहलमा महोत्सव चलेको थियो । महोत्सवका दौरान विभिन्न देशका ५३ फिल्म प्रदर्शन गरियो ।

महोत्सवअघि भारतका चर्चित फिल्ममेकर निलोतपल मजुम्दरले चार दिने वर्कसप समेत सञ्चालन गरेका थिए । जसमा नेपाल, बंगलादेश, भारत, पाकिस्तानलगायत देशका युवा फिल्ममेकर सहभागी थिए ।

महोत्सवको सुरुवातमा 'अल वि इम्याजिन एस लाइट' र अन्तिम दिन 'इन द बेली अफ अ टाइगर' प्रदर्शन गरिएको थियो । कान्स, बर्लिनलगायत विश्वका प्रतिष्ठित फेस्टिभलहरूमा अवार्ड जितिसकेका वृत्तचित्र तथा चलचित्र यस महोत्सवमा प्रदर्शन गरिएको थियो ।

# दश चलचित्र 'डिजिटाइजेसन' हुँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र विकास बोर्डले 'नुमाफुङ'सहितका १० चलचित्रलाई डिजिटाइजेसन गर्ने भएको छ । बोर्डका अध्यक्ष दिनेश डिसीले वसन्ती, बलिदान, दक्षिणा, बसाइँ, वीर गणेशमानलगायतका चलचित्रलाई आगामी पुस्तासम्म पुऱ्याउन हालको प्रविधिमा रूपान्तरण गरी 'अर्काइभ' गरिने बताए ।

'हामीले दर्शकले रुचाउनुका साथै विभिन्न कालखण्डलाई दर्शाउने चलचित्रलाई पुरानो प्रविधिबाट रूपान्तरण गरेर नयाँ प्रविधिमा ढाल्न चाहेका छौँ । यसको काम केही समयमा सुरू हुनेछ । यी चलचित्रलाई बोर्डको विशेष समारोहमासमेत देखाइने छ', अध्यक्ष डिसीले भने ।

यसअगाडि बोर्डले 'सेल्युलाइड' प्रविधिमा रहेको महत्वपूर्ण चलचित्र 'आमा', 'के घर के डेरा', 'बदलिँदो आकाश', 'जीवनरेखा', 'सिन्दूर', 'कुमारी', 'मनको बाँध', 'परिवर्तन', 'हिजोआज भोलि' र 'शान्तिदीप'लाई 'डिजिटाइजेसन' गरिसकेको जनाएको छ । साथै ती चलचित्रमा अङ्ग्रेजी भाषामा 'सबटाइटल' पनि गरिएको छ ।

'रिस्टोरेसन' गर्दा रिल कोरिएको, प्वाल परेको, टाँसिएकोलगायत 'ड्यामेज'लाई हरेक दृश्यमा काम गरेर नयाँ जस्तै बनाइने र त्यसलाई डिजिटल प्रविधिमा ल्याएपछि सङ्ग्रहित गरिने बोर्डले जनाएको छ । पहिलो चरणमा तत्कालीन शाही नेपाली चलचित्र संस्थान र सूचना मन्त्रालयको लगानीमा बनेका चलचित्रलाई 'डिजिटाइजेसन' गरिएको छ । 'डिजिटाइजेसन' पश्चात १६ एमएम र ३५ एमएमका ती चलचित्रलाई 'टु के' र 'फोर के' ढाँचामा हेर्न सकिने बताइएको छ ।

'डिजिटाइजेसनसँगै ती चलचित्रको प्रिन्ट रिस्टोरेसन गरेर राखिएको छ । यसले 'एट के' वा अन्य विकसित गुणस्तरमा स्तरोन्नति गर्न सकिन्छ', अध्यक्ष डिसीले भने ।




# 'मिसेस भोग नेपाल'को अडिसन हुँदै

■ प्रभाव संवाददाता

**काठमाडौं** – विवाहित, एकल महिला तथा एकल आमाहरूले सहभागिता जनाउन सक्ने प्रतियोगिता 'मिसेस भोग नेपाल २०२५'को अडिसन शनिबार हुने भएको छ ।

अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्न चाहने महिला लक्षित कार्यक्रम हाउस अफ फेसन गर्न लागेको हो । बिहान ९ बजेदेखि प्रारम्भ हुने अडिसनको निर्णायकमा गीता गुरुङ, एलिजा गौतम, रेनुका श्रेष्ठ, पूजा पाखिन तथा रिश्मा केसी रहेका छन् ।

मिसेस भोग नेपालको उपाधि जित्ने एक जना प्रतिभाशाली महिलाले नेपाललाई प्रतिनिधित्व गर्दै थाइल्याण्डमा आयोजना हुने मिसेस टुरिजम क्वीन इन्टरनेशनलमा सहभागिताको अवसर पाउने छिन् । यसबाहेक पाँच लाख रूपैयाँ बराबरको उपचार, मोडलिङ सम्झौता, विभिन्न ब्राण्डसँग आबद्ध हुने तथा अन्य अवसरहरू प्राप्त गर्ने आयोजकले जनाएको छ ।




## रंगशाला

### एनपिएल क्रिकेट

# कर्णाली र विराटनगर विजयी

## आज जनकपुर चितवन तथा काठमाडौं र पोखरा भिड्दै

■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाल प्रिमियर लिग (एनपिएल)को शुक्रबारको खेलमा विराटनगर र कर्णाली याक्स विजयी भएका छन् । प्रतियोगिताको अन्तिम खेल खेलेको लुम्बिनीलाई पराजित गर्दै कर्णाली याक्सले प्ले अफको सम्भावना बलियो बनाएको छ । अन्तिम खेलमा भोगेको हारसँगै लुम्बिनीले प्रतियोगितामा एक खेलमात्र जित हात पार्दै सिजन टुंग्याएको छ ।

कर्णाली याक्सले लुम्बिनी लायन्सलाई पाँच रनले पराजित गरेको छ । यस हारसँगै लुम्बिनीले यस सिजनमा एक खेलमा मात्र जित हात पारी छैटौं हार ब्यहोरेको छ ।

जितका लागि कर्णाली याक्सले दिएको एक सय २९ रनको सामान्य लक्ष्य पछ्याएको लुम्बिनी लायन्स निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय २३ रनमा समेटियो । लुम्बिनीका लागि टम मुर्सले सर्वाधिक ३६ रनको योगदान दिए ।

त्यसैगरी सन्दिप जोराले २४ रन बनाए भने आशुतोष घिरैया र साद विन जफरले समान १६/१६ रन बनाए । अर्जुन साउदले १३ रन जोड्दा कप्तान रोहितकुमार पौडेल १० रनमा आउट भए । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । लुम्बिनीलाई एक सय २३ रनमा समेट्नेक्रममा कर्णाली याक्सका जिसन मक्सुदले दुई विकेट लिए भने सोमपाल कामी, नन्दन यादव, विपीन शर्मा र विलियम बोसिस्टोले समान एक एक विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको कर्णालीले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर एक सय २८ रनको योगफल बनाएको थियो । कर्णालीका लागि विलियम बोसिस्टोले सर्वाधिक ४४ रन जोडे । त्यसैगरी अर्जुन घर्तीले २५ रन बनाए ।

ओपनर बाबर हायातले २२ बलमा एक चौका र एक छक्काको सहयोगमा २० रन जोडे । त्यसैगरी अर्का ओपनर देव खनाल तीन रनमा आउट भए । चालडिक वाल्टनले १३ रन जोड्दा गुलसन झा आठ रनमा आउट भए । कप्तान सोमपाल कामीले सात रन जोडे । लुम्बिनीका लागि यसै खेलबाट डेब्यु गरेका विकास आग्रीले तीन विकेट लिए भने तिलकराज भण्डारीले दुई विकेट झारे । त्यसैगरी साद विन जाफर र कप्तान रोहितकुमार पौडेलले समान एक एक विकेट लए ।

यसै खेलबाट लुम्बिनी एनपिएलबाट बाहिरिएको छ । जितसँगै कर्णाली याक्सले प्लेअफको सम्भावनालाई बलियो बनाएको छ ।

### ब्रायन लारा काठमाडौंमा

**काठमाडौं (प्रस)–** वेष्टइण्डिजका प्रख्यात क्रिकेटर ब्रायन लारा काठमाडौँ आएका छन् । उनी शुक्रबार बिहान छोरीसहित काठमाडौँ आइपुगेका हुन् । उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाल क्रिकेट संघ (क्यान)का पदाधिकारीले स्वागत गरे ।

लारा क्यानको निमन्त्रणामा काठमाडौँमा जारी नेपाल प्रिमियर लिग (एनपिएल) को पहिलो संस्करण हेर्न काठमाडौँ आएका हुन् । वेष्टइन्डिजका पूर्वकप्तानसमेत रहेका उनले एनपिएलका केही खेल हेर्ने र खेलाडीहरूसँग साक्षात्कार गर्ने क्यानले जनाएको छ । क्रिकेटर लाराले वेष्टइण्डिजका लागि सन् १९९० देखि २००७ सम्म राष्ट्रिय टोलीबाट खेलेका थिए ।

### विराटनगर विजयी

त्यस्तै दोस्रो खेलमा विराटनगर किंग्सले चितवन राइनोजलाई ५१ रनले पराजित गरेको छ । त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा शुक्रबार भएको खेलमा विराटनगरले दिएको एक सय ८२ रनको लक्ष्य पछ्याएको चितवनले निर्धारित २० ओभरमा छ विकेट गुमाएर एक सय ३० रन मात्रै जोड्यो ।

चितवनका लागि अमर रौतेलाले सर्वाधिक ४२ रन बनाए । यस्तै, सन्तोष कार्कीले २८, कप्तान कुशल मल्लले २५ र रवि बोपाराले २० रन बनाए । चितवनका लागि हसन इसाखिलले पाँच, दीपक बोहराले दुई, बासिल हमिद र सोहेल तनवीरले एक/एक रन जोडे । चितवनले अतिरिक्त छ रन प्राप्त गऱ्यो । विराटनगरको लागि कप्तान सन्दीप लामिछानेले सर्वाधिक दुई विकेट लिए । यस्तै, क्रिस सोल, बसिर अहमद, सुवास भण्डारी र लोकेश बमले समान एक/एक विकेट लिए ।

त्यसअघि, टस जितेर ब्याटिङ रोजेको विराटनगरले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर एक सय ८१ रन बनाएको थियो । विराटनगरको लागि बसिर अहमदले अविजित रहँदै अर्धशतक बनाए । उनले ४४ बलमा चार छक्का र चार चौका प्रहार गर्दै सर्वाधिक ६८ रन बनाए । त्यसैगरी मार्टिन गुप्टिलले ४५, राजेश पुलामी ३३, निकोलस किर्टन आठ र दीपक बोहराले चार रन जोडे । विराटनगरले अतिरिक्त २३ रन प्राप्त गऱ्यो । बलिङतर्फ चितवनका रिजन ढकालले सर्वाधिक दुई विकेट लिए । यस्तै, कप्तान कुशल मल्ल, सोहेल तनवीर र बासिल हमिदले समान एक/एक विकेट लिएका थिए ।

प्रतियोगिताको आज (शनिबार) पहिलो खेलमा पोखरा एभेन्जर्स र काठमाडौं गुर्खाज्बीच हुनेछ भने दोस्रो खेलमा चितवन राइनोज् र जनकपुर बोल्ट्सबीच खेल हुनेछ ।

### सूर्य नेपाल काठमाडौं ओपन

# एमेच्योर सद्भावलाई उपाधि




■ प्रभाव संवाददाता

**काठमाडौं** – डिफेन्डिङ च्याम्पियन प्रो निरज तामाङलाई दुई स्ट्रोकले हराउँदै एमेच्योर सद्भाव आचार्य सूर्य नेपाल गल्फ टुर २०२४/२५ अन्तर्गत दोस्रो प्रतियोगिता सूर्य नेपाल काठमाडौं ओपनको उपाधि जित्न सफल भएका छन् । ६-अन्डर ६२ को शानदार स्कोरमा एमेच्योर सदभाव आचार्यले समग्रमा १५-अन्डर २५७ सहित करियरको चौथो उपाधि आफ्नो नाममा लेखाए । उनले काठमाडौं ओपनमा भुवन नगरकोटीले बनाएको १४-अन्डर २५८ को रेकर्ड तोडेका हुन् ।

उपाधि रक्षा गर्ने दाउमा रहेका निरज तामाङले ३-अन्डर ६५ सहित समग्रमा १३-अन्डर २५९ को स्कोरमा दोस्रो भए । उनले प्रोतर्फ भने पहिलो स्थान प्राप्त गर्दा १ लाख २५ हजार नगद पुरस्कार प्राप्त गरे। दिनेश प्रजापतिले अन्तिम दिन ३-अन्डर ६५ को स्कोर निकाल्दै समग्रमा ८-अन्डर २६४ सहित तेस्रो भए । उनले ८५ हजार नगद हात पारे ।

एमेच्योर राहुल विके समग्रमा ६-अन्डर २६६ सहित चौथो भए । उनले अन्तिम दिन ४-अन्डर ६४ स्कोर दर्ज गरे । समग्रमा चौथो भएका उनी एमेच्योरतर्फ भने दोस्रो भए । नेपाल नम्बर एक प्रो भुवनले शुक्रबार ४-अन्डर ६४ सहित समग्रमा ४-अन्डर २६८ सहित पाँचौ हुँदै नगद ६८ हजार जिते । विष्णु प्रसाद शर्मा र जयराम श्रेष्ठले समग्रमा ३-अन्डर २६९ को स्कोरमा संयुक्तरूपमा छौटौं स्थान बाँडे । विष्णुले ३-ओभर ७१ मा खेल सकाए । पहिलो दिनका लिडर जयरामले ६-अन्डर ६२ को उत्कृष्ट स्कोर तयार पार्ने क्रममा १३औं देखि १८औं होलसम्म लगातार ६ बर्डी प्रहार गरे । उनीहरू दुवैले ५१ हजार ५ सय प्राप्त गरे ।

समग्रमा इभन-पार ७२ सहित सञ्जय लामा आठौं, २-ओभर २७४ सहित दीपक मगर नवौं र ३-ओभर २७५ सहित तोरण विक्रम शाही क्रमश आठौं, नवौं र दशौं भए । सञ्जयले ४-अन्डर ६४, दीपकले ३-ओभर ७१ र तोरणले ३-अन्डर ६५ बनाए । उनीहरूले क्रमश: ४५ हजार, ३८ हजार र ३५ हजार नगद प्राप्त गरे ।

अन्तिम दिन खेलको सुरूवात गर्दा सदभाव निरज भन्दा एक स्ट्रोकले पछि थिए । फ्रन्ट नाइनको खेल सकिँदा पनि निरजसँग एक स्ट्रोकको अग्रता नै थियो। दुवैले फ्रन्ट नाइन ४-अन्डर ३० मा सकाए । सद्भावले पहिलो, चौथो, पाँचौ र छैटौं होलमा बर्डी प्रहार गरे । निरजले पनि पहिलो, दोस्रो, चौथो र सातौं होलमा चार बर्डी नै प्रहार गरे ।

११औं होल टर्निङ प्वाइन्ट बन्यो । सद्भावले बर्डी प्रहार गरे भने निरजले बोगी खेले । यसपछि सद्भावले एक स्ट्रोकको अग्रता बनाए । सद्भावले यसपछि १३औं होलमा पनि एक सट बचाएसँगै दुई स्ट्रोकको अग्रता कायम गरे । यही अग्रतालाई निरन्तरता दिँदै सद्भावले ब्याक नाइन २-अन्डर ३२ मा सकाए र उपाधि जिते । निरजले भने ब्याक नाइन १-ओभर ३५ मा पुरा गरे। सद्भावले पनि बोगीरहित प्रदर्शन गरे ।

दिनेशले फ्रन्ट नाइन २-अन्डर ३४ मा खेले । पहिलो, चौथो, पाँचौं र आठौं होलमा एक-एक सट बचाए । तर सातौं होलमा डबल बोगी खेपे । यसपछि १४औं होलको बोगी विरूद्ध १० औं र १३औं होल बर्डीले ब्याक नाइन १-अन्डर ३३ मा सकाए ।

प्रतियोगिताको विजयी खेलाडीहरूलाई सूर्य नेपाल प्रालिका ब्रान्ड म्यानेजर विदुरराज अधिकारी र पिजिए नेपालका अध्यक्ष रविन्द्रमान श्रेष्ठले पुरस्कार वितरण गरे । चार दिने प्रतियोगितामा कुल ७ लाख ३५ हजार नगद पुरस्कार राशी रहेको थियो । कट बनाएका २१ जनाले नगद पुरस्कार प्राप्त गरे ।



पाकिस्तानको इस्लामाबादमा क्रिसमस मनाउन अघि सडकको छेउमा प्रदर्शनका लागि राखिएको सान्ता क्लजका मूर्तिहरू अगाडि हिंड्दै गरेकी एक महिला। *तस्बिरः एएफपी*

# म्यान्मामा 'कू' पछि अफिम उत्पादनमा कमी आएको राष्ट्रसंघको भनाइ

**बैंकक, थाइल्याण्ड-** म्यान्मामा सन् २०२१ मा भएको सैन्य विद्रोह (कू) पछि पहिलोपटक अफिम उत्पादनमा कमी आएको संयुक्त राष्ट्रसंघले बिहीबार जनाएको छ।

म्यान्माको दुर्गम सीमावर्ती क्षेत्रमा लामो समयदेखि अफिम खेती फस्टाउँदै आएको थियो। जातीय अल्पसंख्यक सशस्त्र समूह र आपराधिक संगठनले अफिमलाई प्रशोधन गरी हेरोइनमा परिस्कृत गर्छन् र कानुन प्रवर्तनले अर्बौं डलरको व्यापारमा आँखा चिम्लेको विश्लेषकहरू बताउँछन्।

गत वर्ष म्यान्मा विश्वकै सबैभन्दा ठूलो अफिम उत्पादक बनेको थियो र यसले एक हजार ८० टन अफिम उत्पादन गरेको थियो। यो तालिबान सरकारले अफिम खेतीमा कडाइ गरेपछि अफगानिस्तानको उत्पादनभन्दा दोब्बरभन्दा बढी हो।

म्यान्माले सन् २०२४ मा ९९५ टन अफिम उत्पादन गरेको संयुक्त राष्ट्रसंघको लागुऔषध तथा अपराधसम्बन्धी कार्यालय (युएनओडिसी) ले जनाएको छ। अनुसन्धान अधिकृत इन्शिक सिमले बैंककमा आयोजित एक पत्रकार सम्मेलनमा भने, 'परम्परागत अफिम खेती गर्ने क्षेत्रमा बढ्दो द्वन्द्व र बालीमा आएको कमीबीच 'बलियो सम्बन्ध' रहेको छ।'

करिब ८० प्रतिशत अफिम उत्पादन गर्ने पूर्वको शान राज्यका केही भाग यस वर्ष युद्धमा फसेका छन्, जसका कारण धेरै अफिम किसानलाई आफ्नो खेती छोड्न बाध्य बनाएको म्यानमा अफिम सर्वेक्षण २०२४ ले जनाएको छ। दूरदराजका क्षेत्रहरूमा आवतजावतमा सीमितता र अत्यधिक मनसुनको मौसमलाई पनि यो घट्नुका लागि अन्य सम्भावित कारकहरूको रूपमा उद्धृत गरिएको छ।

प्रतिवेदनले क्षेत्रीय हेरोइन बजारमा अत्यधिक आपूर्ति र औषधिको विश्वव्यापी आपूर्ति शृंखलामा आएको परिवर्तनका कारण अफिम निर्यातको माग कम भएको र मूल्यमा गिरावट आएको पनि उल्लेख गरेको छ।

युएनओडिसीका अनुसार यो वर्षको बाली अझै पनि विगत दुई दशकमा म्यान्माको दोस्रो ठूलो बाली हो र यो उसको आम्दानीको प्रमुख स्रोत हो। म्यान्माको अर्थतन्त्र 'कू' पछि खुम्चिएको छ र यसै साता विश्व बैंकले सन् २०२५ को मार्चमा समाप्त हुने आर्थिक वर्षमा एक प्रतिशतले संकुचन आउने प्रक्षेपण गरेको छ।

दक्षिणपूर्वी एसिया र प्रशान्त क्षेत्रका लागि युएनओडिसीका क्षेत्रीय प्रतिनिधि मसूद कारिम्पोरले आपूर्ति शृंखला समायोजन र खेतीको विधिमा सुधार हुँदा थप विस्तारको उच्च जोखिम रहेको बताए।

म्यान्माका गृहमन्त्रीले गत जुन महिनामा सरकारी सञ्चारमाध्यमलाई भनेका थिए, 'अफिम खेती रोक्न म्यान्माका अधिकारीहरूले गम्भीर चुनौतीको सामना गरिरहेका छन्। संघका अनुसार विद्रोहले देशभरि सामाजिक र आर्थिक उथलपुथल र सशस्त्र द्वन्द्व निम्त्याएको छ र ३० लाखभन्दा बढी मानिस विस्थापित भएका छन्।' *रासस/एएफपी*

# सन् २००१ को संसद् आक्रमणमा मृत्यु भएकाप्रति श्रद्धाञ्जलि व्यक्त

**नयाँदिल्ली-** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलगायत नेताद्वारा सन् २००१ को संसद् आक्रमणमा मृत्यु भएकाप्रति श्रद्धाञ्जलि व्यक्त गरेका छन्। प्रधानमन्त्री मोदीले सन् २००१ मा संसद् भवनमा भएको आक्रमणमा आफ्नो जीवन उत्सर्ग गर्ने वीर योद्धाहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दै उनीहरूको बलिदानले राष्ट्रलाई सदैव प्रेरणा दिने बताएका छन्।

सन् २००१ को डिसेम्बर १३ मा लश्कर-ए-तैबा र जैश-ए-मोहम्मदले संसद्मा आक्रमण गर्दा दिल्ली प्रहरीका पाँच, संसद् सुरक्षा सेवाका दुई जवान, सिआरपिएफका एक जवान र एक मालीको मृत्यु भएको थियो। उक्त घटनाले भारत र पाकिस्तानबीच तनाव बढेको थियो।

यसैगरी भारतीय राष्ट्रिय कांग्रेसका अध्यक्ष मल्लिकार्जुन खड्गेले घटनामा शाहदत प्राप्त गरेका सैनिकहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दै सिंगो देश आतंकवादविरुद्ध उभिएको बताएका छन्। उनले भने, 'सन् २००१ को संसद् आक्रमणमा मारिएकाप्रति श्रद्धाञ्जलि अर्पण गर्दछु। उनीहरूको बलिदानले हाम्रो राष्ट्रलाई सधैं प्रेरणा दिने छ।'

आम आदमी पार्टीका प्रमुख अरविन्द केजरीवालले संसद् आक्रमणका क्रममा आफ्नो ज्यानको आहूति दिने सैनिकहरूलाई श्रद्धाञ्जलि व्यक्त गर्दै भने, 'कृतज्ञ राष्ट्रको तर्फबाट अमर सहिदहरूप्रति सम्मानपूर्ण श्रद्धाञ्जलि। आज हामीले संसद् भवनमा भएको आतंकवादी हमलामा सहिद भएका भारत माताका वीर सैनिकहरूलाई श्रद्धाञ्जलि अर्पण गर्दै स्मरण गरेका छौं।'

आप प्रमुखले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'आजको दिनले हामीलाई ती वीर सैनिकहरूको सम्झना गराउँछ, जसले संसद् भवनमा भएको आतंकवादी हमलामा देश र हाम्रो लोकतन्त्रको रक्षाका लागि आफ्नो जीवन बलिदान गरे। ती सबै बहादुर सैनिकहरूको अमर शहादतलाई लाखौं सलाम छ।'

श्रद्धाञ्जलिले सन् २००१ को डिसेम्बर १३ मा भारतीय संसद्मा भएको भयानक आतंककारी हमलाको स्मरण गराएको छ। सन् २००१ को डिसेम्बर १३ मा गृह मन्त्रालय र संसद्को लेबल भएको कारमा संसद्मा प्रवेश गरेका पाँच जना आतंककारी मारिएका थिए। त्यतिबेला संसद् भवनभित्र प्रमुख राजनीतिज्ञसहित १०० भन्दा बढी व्यक्ति थिए। बन्दुकधारीहरूले आफूले चलाएको कारमा परिचयपत्रको नक्कली स्टिकर प्रयोग गरी संसदीय परिसर वरपर तैनाथ सुरक्षाकर्मीलाई सजिलै झुक्याउन सफल भएका थिए।

आतंकवादीहरूले एके ४७ राइफल, ग्रेनेड लञ्चर र पेस्तोलद्वारा आक्रमण गरेका थिए। *रासस/एएफपी*

# अफ्रिकामा एमपक्सबाट संक्रमितको संख्या ६५ हजार नाघ्यो



**आदिस अबाबा-** अफ्रिकामा यस वर्ष हालसम्म एमपक्सबाट संक्रमितको संख्या ६५ हजार नाघेको छ भने १२ सय जनाको मृत्यु भएको अफ्रिका सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सन (अफ्रिका सिडिसी) ले जनाएको छ।

अफ्रिका सिडिसीका महानिर्देशक जीन क्यासियाले भने, 'अफ्रिकी महाद्वीपमा वर्षको सुरुदेखि ६५ हजार ७११ एमपक्सका घटनाहरू रिपोर्ट गरिएका छन्, जसमध्ये १४ हजार २४१ जनामा एमपक्स पुष्टि भएका छन् र एक हजार २३७ भन्दा बढीको मृत्यु भएको छ।'

अफ्रिकी संघको विशेष स्वास्थ्य सेवा एजेन्सीको तथ्यांकअनुसार गत हप्तामात्रै अफ्रिकामा तीन हजार ५४५ नयाँ घटनाहरू रिपोर्ट गरेको छ। कासियाले अफ्रिकी महाद्वीपमा चलिरहेको एमपक्स प्रकोपका कारण मानिसहरू अझै मरिरहेका छन्। यसले हालसम्म २० देशलाई प्रभावित पारेको छ।

एमपक्स पहिलोपटक सन् १९५८ मा प्रयोगशालामा भेटिएको थियो। यो एक दुर्लभ भाइरल रोग हो। *रासस/सिन्ह्वा*

# अडानी बन्दरगाह परियोजना जारी रहन्छ : श्रीलंका

**कोलम्बो-** श्रीलंकामा भारतीय अडानी समूहको बन्दरगाह परियोजना यसका संस्थापकविरुद्ध अमेरिकी आरोप र यसको वित्तपोषणमा अचानक परिवर्तनको बावजुद अगाडि बढ्ने श्रीलंकाले बताएको छ। गत महिना न्युयोर्कमा अर्बपति उद्योगपति गौतम अडानी र उनका सहकर्मीले जानाजानी अन्तर्राष्ट्रिय लगानीकर्तालाई प्रभावित पारेको आरोप लगाइएको थियो।

यो आरोपले अडानीको कम्पनीको सेयरमा व्यापक गिरावट आएको थियो भने र पारिवारिक फर्मको 'कर्पोरेट गभर्नेन्स'मा प्रश्न उठाएको थियो। श्रीलंकाका बन्दरगाहमन्त्री विमल रत्नायकेले अडानीमाथि लागेको आरोपले राजधानी कोलम्बोमा रहेको कन्टेनर टर्मिनल परियोजनामा कुनै असर नपारेको बताएका छन्।

'अडानी र अमेरिकाबीचको समस्या के हो, हाम्रो चिन्ताको विषय होइन,' बिहीबार राति बन्दरगाहको भ्रमणका क्रममा उनले पत्रकारसँग भने, 'अडानीद्वारा पश्चिमी कन्टेनर टर्मिनल विकास अगाडि बढ्नु हाम्रो लागि उच्च महत्त्वको कुरा हो।'

रत्नायकेका अनुसार सन् २०२२ मा अभूतपूर्व संकट र विदेशी ऋण नतिरेपछि समस्यामा परेको श्रीलंकाको अर्थतन्त्रका लागि राजस्व संकलन गर्न यो परियोजनाको निर्माण हुनु महत्त्वपूर्ण छ। बन्दरगाह परियोजनाको अनुमानित लागत ७० करोड अमेरिकी डलर रहेको छ र यो चिनियाँद्वारा सञ्चालित परियाजनाको नजिकमा अवस्थित छ।




अडानी समूहले न्युयोर्कको अभियोगपछि अमेरिकी सरकारद्वारा समर्थित ५५ करोड ३० लाख अमेरिकी डलरको ऋणका लागि गरेको अनुरोध फिर्ता लिएको केही दिनपछि रत्नायकेको यो टिप्पणी आएको हो।

अमेरिकी अन्तर्राष्ट्रिय विकास वित्त निगम (डिएफसी) सँगको ऋण सम्झौतालाई गत वर्ष अन्तिम रूप दिइएको थियो, यस परियोजनालाई हिन्द महासागरमा बेइजिङको बढ्दो प्रभावको सामना गर्ने माध्यमको रूपमा हेरिएको थियो।

श्रीलंका विश्वको सबैभन्दा व्यस्त सामुद्रिक ढुवानी मार्गमा अवस्थित छ, जसले मध्य पूर्व र पूर्वी एसियालाई जोड्छ र देशको समुद्री सम्पत्तिलाई रणनीतिक महत्त्व दिन्छ। अडानी समूहले अब यो परियोजनाका लागि आफ्नै कोषबाट लगानी गर्ने बताएको छ। श्रीलंकाले गत महिना अभियोग लगाएपछि उक्त बन्दरगाह र टापुको उत्तरमा ४४ करोड २० लाख अमेरिकी डलर बराबरको वायु ऊर्जा सम्झौतासहित समूहको स्थानीय परियोजनामा अनुसन्धान सुरु गरेको थियो।

नयाँ बामपन्थी राष्ट्रपति अनुरा कुमारा दिसानायकेले नोभेम्बरमा भएको चुनावमा भारी मतले विजयी हुनुअघि वायु ऊर्जा परियोजनाको विरुद्धमा अभियान चलाएका थिए। बन्दरगाहमन्त्री रत्नायकेले पनि आफ्नो सरकार यसको विपक्षमा रहेको बताएका छन्। रत्नायकेले भने, 'यो देशलाई अहितकर हुने छ।'

दिसानायकेले यो परियोजनालाई श्रीलंकाको ऊर्जा सम्प्रभुताका लागि खतराको संज्ञा दिएका थिए। अडानी समूहका संस्थापक र अन्य वरिष्ठ अधिकारीहरूले भारत सरकारका अधिकारीलाई घूस दिएको आरोप लागेपछि अडानी समूहले सेयर बजारमा करिब ५५ अर्ब अमेरिकी डलर गुमाएको जनाएको छ।

कोइला, एयरपोर्ट, सिमेन्ट र मिडियाको व्यापार साम्राज्यको साथ, अडानी समूहले पहिलेका कर्पोरेट धोखाधडीको आरोपहरूको सामना गरेको छ र गत वर्ष पनि यस्तै आरोपको सामना गरेको छ। सन् २०२३ मा हचान्डेनबर्ग रिसर्चको एक रिपोर्टले 'कर्पोरेट फ्रड'को आरोप लगाएपछि सन् २०२३ मा यसको सेयरको बजार मूल्यबाट १५० अर्ब अमेरिकी डलर कम भएको थियो। *रासस/एएफपी*

# सिरियामा आइएसविरुद्ध काम गर्न 'अनिवार्य' रहेको ब्लिन्केनको भनाइ

**अंकारा, टर्की-** अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले सिरियामा बशर अल असदको पतनपछि इस्लामिक स्टेट (आइएस) को पुनरुत्थानविरुद्ध काम गर्नु 'अत्यावश्यक' भएको टर्कीका अधिकारीसँगको कुराकानीमा बताएका छन्।

बशर अल असदको सरकार ढलेपछि सिरिया संकटबारे छलफल गर्न दोस्रो चरणको भ्रमणको क्रममा टर्कीका विदेशमन्त्री हाकान फिदानसँग अन्कारामा भएको भेटवार्तापछि उनले यस्तो टिप्पणी गरेका हुन्। ब्लिन्केनले संयुक्त पत्रकार सम्मेलनमा भने, 'हाम्रो देशले धेरै मेहनत गरेको छ र आइएसआइएसको क्षेत्रीय खलिफाको उन्मूलन सुनिश्चित गर्न धेरै वर्ष प्रयास गरेको छ र ती प्रयासहरू जारी राख्न अनिवार्य छ।'

जवाफमा फिदानले टर्की सिरियामा जतिसक्दो चाँडो स्थिरता सुनिश्चित गर्न र जिहादीहरूलाई त्यहाँ आफ्नो पकड जमाउनबाट रोक्न प्रतिबद्ध रहेको बताएका थिए। 'हाम्रो प्राथमिकता सिरियामा जतिसक्दो चाँडो स्थिरता सुनिश्चित गर्ने, आतंकवादलाई बलियो हुनबाट रोक्ने र आइएसआइएस र पिकेकेलाई त्यहाँ प्रभुत्व जमाउनबाट रोक्ने हो,' टर्कीविरुद्ध दशकौं लामो विद्रोह लडेको कुर्दिस्तान वर्कर्स पार्टी (पिकेके) लाई संकेत गर्दै उनले भने।



ब्लिन्केनले टर्कीका विदेशमन्त्रीसँग एक घण्टाभन्दा बढी समय भेटवार्ता गरेपछि राष्ट्रपति रेसेप तैयप एर्दोगानसँग पनि भेटवार्ता गर्नुभएको अमेरिकी अधिकारीले बताएका छन्। भेटमा एर्दोगानले ब्लिंकेनलाई सिरियामा आइएस जिहादीविरुद्धको लडाइँमा कहिल्यै पनि सहज नहुने तर चरमपन्थीहरूलाई नियन्त्रण गर्न आफूले महत्त्वपूर्ण भूमिका खेलेको बताए। एर्दोगानले भने, 'टर्कीले आइएसआइएसविरुद्धको लडाइँमा कुनै कमजोरी हुन दिने छैन। *रासस/एएफपी*

# चिनियाँ विदेशमन्त्री वाङद्वारा सिरियाबारे 'गहिरो चिन्ता' व्यक्त

**बेइजिङ-** बेइजिङका उच्च कूटनीतिज्ञ वाङ यीले आफ्ना इजिप्टका समकक्षीसँग सिरियाको अवस्थाबारे चीनसँग 'गहिरो चासो' व्यक्त गरेका छन्। इजिप्टका विदेशमन्त्री बद्र अब्देलाटी र वाङले बेइजिङको दियाओयुताई स्टेट गेस्टहाउसमा संयुक्त पत्रकार सम्मेलन गरी 'रणनीतिक वार्ता'का लागि दुई दिने भ्रमण सम्पन्न गरेका हुन्।

'दुवै पक्ष सिरियाको वर्तमान अवस्थाप्रति चिन्तित छन् र सिरियाको सार्वभौमिकताको सम्मान गर्न आह्वान गर्दछन्,' वाङले पत्रकारसँग भने, 'आतंकवादी र अतिवादी शक्तिहरूलाई अराजकताको फाइदा लिनबाट रोक्न चीनले आग्रह गर्दछ।'

अपदस्थ सिरियाली राष्ट्रपति बशर अल असदले इस्लामवादी हयात तहरीर अल-शाम (एचटिएस) समूह र यसका सहयोगीहरूको नेतृत्वमा आक्रामक आक्रमणपछि देश छोडेर भागेको सञ्चारमाध्यम तथा विभिन्न मानवअधिकारवादी समूहले बताएका छन्। असद प्रशासनको पतनले एक युगको अन्त्य गरेको छ जसमा संदिग्ध विद्रोहीहरूलाई जेलमा राखिएको थियो वा निर्मम यातना दिई हत्या गरिएको थियो।

करिब १४ वर्षको युद्धको अन्तरालमा पाँच लाखभन्दा बढी मानिसहरूको ज्यान गएको छ र लाखौं विस्थापित भएका छन्। 'मध्यपूर्वमा शान्ति र स्थिरता हासिल गर्न हामीले शान्ति र वार्तालाई बढावा दिनुपर्छ भन्नेमा हामी सहमत भयौं,' वाङले अब्देलाटीसँगको संयुक्त पत्रकार सम्मेलनमा भने। *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – | प्रति तोला – | प्रति तोला – |
| १५३००० | ० | १८६० |



**तरकारी बेचेर छाक टार्ने प्रयास** | सुनसरीको इनरुवा नगरपालिका-४ स्थित थोक तरकारी बजारमा हरियो तरकारी किनमेल गर्दै स्थानीयवासी । *तस्बिर: नवीन गड्तौला/रासस*

# काठमाडौं–टीकापुर हवाई उडान भोलिदेखि

■ प्रभाव संवाददाता

**काठमाडौं–** कैलालीको टीकापुर विमानस्थल ३५ वर्षपछि नियमित सञ्चालनमा आउने भएको छ । विसं २०४६ सालमा द्वन्द्वका कारण बन्द भएको विमानस्थल यही मंसिर ३० गतेदेखि सञ्चालनमा आउन लागेको हो ।

पर्यटन व्यवसायी र स्थानीय तहको सक्रियातमा विमानस्थल सञ्चालनमा आउन लागेको हो । विमानस्थलमा हवाई उडानका लागि तारा एयरसँग टीकापुर नगरपालिकाले न्यूनतम १५ सिटका लागि सुनिश्चितासहित सहमति गरेको टीकापुर नगरपालिकाका प्रमुख रामलाल डगौरा थारुले जानकारी दिए । विमानस्थलमा यसअघि नेपाल वायुसेवा निगम र तारा एअरले परीक्षण उडान गरिसकेका छन् ।

विमानस्थलमा यही मंसिर ३० गते आइतबार पहिलो उडान हुनेछ भने दोस्रो उडान आगामी पुस ४ गते बिहीबार हुनेछ । त्यसपछि प्रत्येक साता आइतबार र बिहीबार एक/एक उडान हुने गरी तालिका निर्धारण गरिएको छ । तालिकाअनुसार यति एयरलाइन्सले काठमाडौं- नेपालगञ्ज र नेपालगञ्जबाट कनेक्टिङ फ्लाइटमार्फततारा एयरलेनेपालगञ्ज-टीकापुर उडान भर्नेछ । टीकापुरमा भएकायात्रुलाईतारा एयरलेनेपालगञ्ज



ल्याउने र त्यहाँबाट यति एयरलाइन्सले काठमाडौं ल्याउनेछ । यसका लागि एकमुष्ट काठमाडौं-टीकापुरको एक तर्फी भाडा रु नौ हजार निर्धारण गरिएको छ ।

टिकट बिक्रीका लागि आधिकारिक बिक्रेतामा पथिल होलिडेजलाई नियुक्त गरिएको छ । साथै यात्रुहरूले यति एयरलाइन्सको एप, विभिन्न ट्राभल एजेन्सी, खल्ती, इसेवालगायतका माध्यमबाट टिकट खरिद गर्न पनि सक्नेछन् । टीकापुरस्थित सिद्धार्थ होटल र काठमाडौंको तीनकुनेमा रहेको पथिल होलिडेजबाट पनि टिकट काट्न मिल्ने गरी व्यवस्था गरिएको छ ।

विमानस्थल सञ्चालनमा आएपछि धनगढी र नेपालगञ्ज विमानस्थल धाइरहेका टीकापुर नगरपालिका आसपासका कैलाली, सुर्खेत र बर्दियाका स्थानीयलाई सहज हुने अपेक्षा गरिएको छ । टीकापुरका नगरप्रमुख थारुले स्थानीयको चाहनाबमोजिम विमानस्थल सञ्चालनमा ल्याउनका लागि सिद्धार्थ हस्पिटालिटीले सेवाप्रदायकसँग समन्वय गरी दिएकोमा धन्यवाद दिए । टीकापुर विमानस्थलमा अहिले चारैतिरबाट काँडेतारको छेकबार छ भने धावनमार्गमा ग्राभेल गरिएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले विमान कम्पनीले उडानको माग गर्ने र प्राधिकरणले भाडादर तोकेर जनशक्ति खटाउने बताए ।

सिद्धार्थ बिजनेस ग्रूप अफ हस्पिटालिटीका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद न्यौपानेले विमानस्थल सञ्चालनमा आएपछि टीकापुरलाई पर्यटकीय सहरका रूपमा विकास गर्न सकिने बताए । 'टीकापुर विमानस्थलमा भएको सम्पत्ति लामो समयदेखि प्रयोगमा आउन सकेको छैन, विमानस्थल सञ्चालनमा आएपछि त्यहाँको आर्थिक तथा पर्यटकीय गतिविधि बढ्नेछ', उनले भने ।

तारा एयरका प्रवक्ता सुदर्शन बर्तौलाले काठमाडौं-नेपालगञ्ज-टीकापुर र टीकापुर-नेपालगञ्ज-काठमाडौं उडानको सम्पूर्ण तयारी पूरा भइसकेको जानकारी दिए । उनका अनुसार प्रत्येक साता आइतबार र बिहीबार उडान हुनेछ । काठमाडौंबाट विहान १० बजे यति एयरलाइन्सको विमान नेपालगञ्जका लागि उडान गर्नेछ भने त्यहाँबाट दिउँसो १२:३० बजे तारा एयरले यात्रु लिएर टीकापुर पुग्नेछ । सोही दिन दिउँसो १:२० बजे तारा एयरको विमान नेपालगञ्जका लागि प्रस्तान गर्नेछ भने दिउँसो २:०५ बजे यति एयरलाइन्सको विमानले यात्रु लिएर काठमाडौं आउनेछ ।

त्यसैगरी काठमाडौंदेखि अछामको साँफेबगरस्थित विमानस्थलमा उडानका लागि पनि साँफेबगर नगरपालिका र तारा एयरबीच सहमति भइसकेको छ । यद्यपि साँफेबगरस्थित विमानस्थलमा परीक्षण उडानपछि मात्रै नियमित उडान हुनेछ । साँफेबगर नगरपालिकाले पनि तारा एयरसँग न्यूनतम १५ सिटका लागि सुनिश्चित गर्ने सम्झौता गरिसकेको छ । अर्थात् न्यूनतम १५ सिट नभएमा नगरपालिकाले सो बराबरको रकम उपलब्ध गराउनेछ ।

# बुटवल–बर्दघाट प्रसारणलाइन तयार

■ प्रभाव संवाददाता

**काठमाडौं –** देशभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढ एवं विश्वसनीय बनाउन, पश्चिम क्षेत्रमा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् प्रवाह गर्न र नेपाल-भारतबीचको द्विपक्षीय तथा क्षेत्रीय विद्युत् व्यापार विस्तारका लागि नयाँ बुटवल-बर्दघाट २२० केभी डबल सर्किट प्रसारण लाइन निर्माण सम्पन्न भएको छ ।

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को सुनवल नगरपालिका-१३ सूर्यबस्तीस्थित नयाँ बुटवल सबस्टेसनबाट सोही जिल्लाको बर्दघाट नगरपालिका-५ सम्मको साढे २१ किलोमिटर प्रसारण लाइन निर्माण सम्पन्न गरी बिहीबारबाट सञ्चालन (चार्ज)मा ल्याइएको छ । चितवनको भरतपुर महानगरपालिका-११ आँपटारीस्थित नयाँ भरतपुर सवस्टेसनदेखि नयाँ बुटवलसम्मको २२० केभी प्रसारण लाइनलाई चार्ज गरिएको हो ।

नयाँ बुटवल-बर्दघाट प्रसारण लाइन सञ्चालनमा आएसँगै नयाँ बुटवलबाट हेटौंडासम्म २२० केभी प्रसारण लाइन पूर्वाधार संरचना तयार भएको छ । प्रसारण लाइनले करिब एक हजार दुई सय मेगावाट विद्युत् भार बोक्न सक्ने छ ।

कालीगण्डकी र यसका सहायक नदीमा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् एकीकृत गरी राष्ट्रिय प्रणालीमा समाहित गर्न म्याग्दीको दानाबाट सुरु भई नयाँ बुटवल सबस्टेसनमा अन्त्य हुने कालीगण्डकी करिडोर र नयाँ बुटवल-नयाँ भरतपुर-हैटौंडासम्मको २२० केभी प्रसारण लाइन लिंक बनेको छ ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले भरतपुरबाट पूर्व-पश्चिम विद्युत् प्रवाहका लागि २२० केभीको मेरुदण्ड तयार भएको र यसबाट भोल्टेजमा सुधार भई समग्र प्रणालीको विश्वसनीयता बढ्ने बताए । 'आन्तरिक रूपमा खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् ढल्केबर हुँदै भारततर्फ निर्यात गर्न र हिउँदयाममा अपुग विद्युत् आयात गरी पश्चिमतर्फ पठाउन सहज हुनेछ, नयाँ बुटवल-गोरखपुर दोस्रो सीमापार प्रसारण लाइन निर्माण सम्पन्न भएपछि विद्युत् आयात/निर्यातको थप ढोका खेल्ने छ', घिसिङले भने, 'मुख्य रूपमा कालीगण्डकी तथा मर्स्याङ्दी र ती नदीहरूका सहायक खोलानालाबाट उत्पादित विद्युत् प्रवाहका लागि सहज हुनेछ ।'

मर्स्याङ्दी नदी जलाधार क्षेत्रमा निर्माण हुने जलविद्युत आयोजनाहरूबाट उत्पादित विद्युत् मर्स्याङ्दी करिडोर २२० केभी प्रसारण लाइन हुँदै नयाँ भरतपुर सबस्टेसनमा समाहित हुने छ । नयाँ भरतपुरबाट विद्युत्लाई हेडौंडा र नयाँ बुटवलतर्फ पठाउन सकिने छ । भारतसँगको नयाँ बुटवल-गोरखपुर ४०० केभी दोस्रो अन्तरदेशीय प्रसारण लाइन निर्माणाधीन छ ।

नेपाल सरकार तथा प्राधिकरणको लगानी र एसियाली विकास बैंकको सहुलितपूर्ण ऋणमा निर्माण गरिएको नयाँ बुटवल-बर्दघाट प्रसारण लाइनको अनुमानित लागत करिब रू एक अर्ब छ । सुनवल नगरपालिका-१३ बडेराबाट नयाँ बुटवल सबस्टेसनसम्म २२० केभीको साढे चार किलोमिटर चार सर्किट (मल्टी सर्किट) लाइन निर्माण गरिएको छ । सोही मल्टिसर्किट टावरमा कालीगण्डकी करिडोर २२० केभी प्रसारण लाइन जोडिएको छ ।

मुलुकभित्र उत्पादित विद्युत्को आन्तरिक खपत र द्विपक्षीय तथा क्षेत्रीय विद्युत व्यापार प्रवर्द्धन लागि आन्तरिक प्रसारण तथा वितरण प्रणालीको विस्तार एवम् सदृढीकरण गर्न आयोजना सुरु गरिएको हो ।

## नेपाल बैंकको भवन उद्घाटन

काठमाडौं (प्रस)- नेपाल बैंक लिमिटेड गोलबजार शाखाको भवन उद्घाटन गरिएको छ । मंसिर २६ गते गोलबजार नगरपालिकाका प्रमुख श्याम कुमार श्रेष्ठ र नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डेयले संयुक्तरूपमा गोलबजार शाखाको भवन उद्घाटन गरेका हुन् ।

# आइएचआरओ नेपालले मनायो अन्तर्राष्ट्रिय मानवअधिकार दिवस




■ प्रभाव संवाददाता

**काठमाडौं–** हरेक वर्षको १० डिसेम्बरमा अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाईन्छ, सन् १९४८ मा संयूक्त राष्ट्रसंघको महासभाले मानव अधिकार घोषणपत्र पारित गरेको एतिहासिक दिवसको सम्झनास्वरूप यो दिवस मनाईन्छ ।

सोही अवसरमा इन्टरनेसनल ह्युमन राइट्स अर्गनाइजेसन नेपाल (आइएचआरओ-नेपाल) ले ८६औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस भव्यताका साथ सम्पन्न गरेको छ । कार्यक्रमलाई सम्बोधन गर्दै आइएचआरओ-नेपालका राष्ट्रिय अध्यक्ष भिकेएस ठकुरीले आइएचआरओ-नेपालको विशेष पहलमा सरकारले महिला ट्राफिक प्रहरीलाई महिनाबारी भएको ४ दिनसम्म बिदा दिने निर्णय गरेको बताए ।

तत्कालिन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरीलाई भेटेर आइएचआरओ-नेपालका अध्यक्ष ठकुरी,महासचिव सुरज अर्याल र उपाध्यक्ष शिला न्यौपानेलगायतको टोलीले सो विषयमा ध्यानकर्षण पत्र बुझाएको थियो । कार्यक्रममा संस्थाले पिछडिएका तथा दुख पाएका महिला, बालबालिका र साइबर क्राइमसम्बन्धि पनि धेरै काम गर्दै आएको अध्यक्ष ठकुरीले जानकारी गराए ।

त्यसैगरी लायन्स इन्टरनेसनलका प्रथम भाइस डिस्ट्रिक्ट गवर्नर एमजेएफ लायन्स विनय बस्नेतले कोराना कालपछि बालबालिकाहरूमा विभिन्न प्रकारका विछिप्त अवस्था देखिएको बताए । प्रमुख अथिति बस्नेतले आफ्नो संस्थाले गर्न लागेका सो कार्यक्रमार्फत अभिभावक, त्यो समुदायका महिलाहरू र शिक्षकहरूलाई पनि सामाजिक शिक्षा र मानव अधिकारसम्बन्धि तालिमको व्यवस्था गर्दै जाने पनि जानकारी दिए ।

त्यसैगरी, पूर्व महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री चन्दा चौधरीले कुनै ठाउँमात्र कार्यक्रम र समारोह गर्दैमा मानव अधिकारका चेलीबेटी सम्बन्धि समस्या समाधान नहुने तर्क गरिन् । त्यसका लागि केन्द्रीय स्तरमै छलफल र पहल हुनुपर्ने उनको भनाइ थियो । विशेष अतिथि मन्त्री चौधरीले महिला ट्राफिक प्रहरीलाई आइएचआरओ-नेपाल कै पहलमा सरकारले बिदा दिएको भन्दै धन्यवाद दिएकी थिइन्

कार्यक्रममा अतिथिहरूमा एसओएस बालग्रामका पूर्व राष्ट्रिय निर्देशक शंकर प्रधानाङ्ग, युलेन्स स्कूल बाँसबारी काठमाण्डूका प्रिन्सिपल बुनु कार्की थापा,नर्भिक अस्पतालका वरिष्ट इन्डिक्रिलोजिस्ट डा.मधु पाण्डे चौधरी थिए । कार्यक्रममा स्वागत मन्तव्य अन्तर्राष्ट्रिय मानव अधिकार संगठन नेपालका महासचिव सुरज अर्यालले गरेका थिए ।

# प्रविधिसँग जोडिन थाले दुग्ध उत्पादन किसान

**ढोरपाटन (बागलुङ) –** परम्परागत रूपमा पशुपालन गरी दुग्ध उत्पादन गर्दै आएका बागलुङका किसान आधुनिक प्रविधिसँग जोडिन थालेका छन् । जिल्लाको काठेखोला गाउँपालिका र बागलुङ नगरपालिकाका एक हजार छ सय जना किसान प्रविधिको प्रयोग गरी दुग्ध उत्पादनमा लागेका हुन् ।

धवलागिरि सामुदायिक स्रोत विकास केन्द्र बागलुङ र प्राटिकल एक्सन नेपालको सहकार्यमा किसानलाई ५० प्रतिशत अनुदानमा आधुनिक उपकरण उपलब्ध गराएपछि अहिले गुणस्तरीय दूध उत्पादन गर्न थालेका हुन् । दुई पालिकाका आठवटा दुग्ध उत्पादन सहकारीमा आबद्ध र ४२ वटा व्यक्तिगत फार्म सञ्चालन गर्दै आएका किसानलाई उपकरण उपलब्ध गराइएको थियो ।

किसानलाई मिल्क एनालाइजर, सोलार वाटर हिटर, चापकटरलगायत आधुनिक उपकरण उपलब्ध गराइएको धवलागिरि सामुदायिक स्रोत विकास केन्द्रका इन्जिनियर साजन आचार्यले जानकारी दिए । बागलुङ र काठेखोलाका दुग्ध उत्पादक सहकारी, संघ र व्यक्तिगत फार्ममा आबद्ध किसानलाई गत असोजमा उक्त उपकरण उपलब्ध गराइएको उनको भनाइ छ । इन्जिनियर आचार्यका अनुसार दुई पालिकामा रू ५९ लाख ७५ हजार पाँच सय



लगानी गरेको छ ।

काठेखोला गाउँपालिका-८ लेखानीस्थित गाजा दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष गुणाखर कँडेलले आधुनिक उपकरण प्रयोग गर्न थालेपछि किसानल दूधको गुणस्तर बढाउन लागेको बताए । दूधको गुणस्तर बढेपछि उचित मूल्य पाउन थालेको उनको भनाइ छ । पहिले गाउँका किसानले उत्पादन गरेको दूधको गुणस्तर मापन गर्न निकै झण्झटिलो रहेको अहिले सहज बनेको अध्यक्ष कँडेलले बताए ।

काठेखोला गाउँपालिका-६ का दुग्ध उत्पादक किसान सुरेश कँडेलले आधुनिक उपकरणको प्रयोग गर्न थालेपछि पशुचौपाया निरोगी हुँदै गएपछि दूध उत्पादन पनि बढेको बताए । आफूले सोलार वाटर हिटर प्राप्त गरेपछि भैंसीलाई समय-समयमा तातोपानीले नुहाइदिएपछि निरोगी भएको सुनाउँदै धुँवारहित गोठ बनेको उनको भनाइ छ ।

कँडेलले भने, 'पहिले गोठमै कुँडो पकाउनुपर्थ्यो, धुँवाले गर्दा वस्तुभाउ बिरामी पर्थे, दाउराको खपत बढी हुन्थ्यो, तर अहिले सोलारबाट पानी तताउन थालेपछि समयको बचतसँगै घरगोठ धुँवारहित बनेको छ, यसले मान्छेको स्वास्थ्यमा समेत असर गरेको छैन भने दूध पनि पहिलेको तुलनामा केही बढी उत्पादन हुन थालेको छ ।'

धवलागिरि सामुदायिक स्रोत विकास केन्द्र बागलुङकी अध्यक्ष सिर्जना थापाले किसानलाई प्रविधिसँग जोडेर जीविकोपार्जनमा टेवा पुऱ्याउने हिसाबले आधुनिक उपकरण अनुदानमा सहयोग गरेको बताए । किसानले उपकरणको प्रयोग गर्न थालेपछि दूध उत्पादनमा थप मद्दत पुगेको उनको भनाइ छ । प्रविधिको प्रयोग गरेको छोटो समयमै उनीहरूको व्यवसाय राम्रो हुँदै गएको अध्यक्ष थापाले बताए । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ